# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## भोक्राहा नरसिंह गाउँपालिका

## सुनसरी





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

भोक्राहा नरसिंह गाउँपालिका

सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

भोक्राहा नरसिंह गाउँपालिका

सुनसरी


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः
च.नं. ६८

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
भोक्राहा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी।

१. **कैफियतसहितको राय-** हामीले भोक्राहा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ४ करोड २३ लाख ९५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ७५ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९० लाख ३४ हजार र नियमित गर्नुपर्ने रु. ५८ लाख ४७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १४ करोड ७८ लाख ७२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १९ करोड १ लाख ७० हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

भोक्राहा गाउँपालिका, सुनसरी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | ८३ | ४२३९५ | ० | ० | ० | ६२ | ८३ | ४२३९५ | ७५१४ | ५८४७ | २९०३४ | ० | ० | ३४८८१ | |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपर कुनै प्रतिकृया प्राप्त नभएकोले प्रतिकृयाबाट फछ्र्यौट नभाएको | | | |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोक्राहा गाउँपालिका सुनसरी | १४७८७२ | ० | ९७ | १४७७७५ | ० | ४२३९५ | १९०१७० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी , भोक्राहा नरसिंह गाउँपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम चरित्र मेहता | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | महेश राना मगर | २०७६-७-२९ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | ४२,३९५,८१८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,२८,२७,२६५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,५३,२६,००० | **चालु खर्च** | २५,२७,१६,०१४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४३,०५,००० | **पूँजीगत खर्च** | १३,५५,३२,०४१ |
| **राजश्व बाँडफाँट** | ९,५६,३३,९३६ | **वित्तीय/अन्य व्यवस्था** | १५,३०,१२,७३९ |
| **आन्तरिक आय** | १,६८,४७,०३६ | | |
| **अन्य आय** | १०,६३,७८,०४० | | |
| **कुल आय** | ५८,८४,९०,०१२ | **कुल खर्च** | ५४,१२,६०,७९४ |
| **बाँकी मौज्दात** | | ८,००,५६,४८३ | |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ६३.३७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ८ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्या संख्या ४४ रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या ४० हजार ६ सय ३६ रहेको छ। | |
| २ | | | **लेखापरीक्षणः**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानुनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br><br>लेखापरीक्षण को दौरानमा देहाय अनुसार संघिय संचित कोष फिर्ता गर्नुपर्ने रकम र असुल गर्नुपर्ने रकम सम्बन्धित निकायमा रकम फिर्ता दाखिला गरेको पाइयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि. न. | विवरण | रकम | कोष |
|---|---|---|---|
| १ | हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि.(३०२०९८०७७) लाई बढी भुक्तानी भएको रकम असुल | ६५७६० | संचित कोष |

४

**प्राप्ति भुक्तानी विवरणः**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४७,१९,९५,२०७.०० | ४८,८१,६०,२१३.५९ | | ४८,८१,६०,२१३.५९ | ४०,७७,८५,५७०.४५ | | ४०,७७,८५,५७०.४५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७,०६,५६,७४३.०० | ४८,२५,८१,७४२.२६ | ० | ४८,२५,८१,७४२.२६ | ३९,६३,२४,३१९.४५ | ० | ३९,६३,२४,३१९.४५ |
| ११००० कर | ११ | १०,०६,५५,७४३.०० | १०,६४,९३,२१४.१४ | ० | १०,६४,९३,२१४.१४ | ९,३७,२५,७९४.०४ | ० | ९,३७,२५,७९४.०४ |
| १३००० अनुदान | | ३६,७७,९१,०००.०० | ३६,९६,३१,०००.०० | ० | ३६,९६,३१,०००.०० | २९,९५,४५,४४३.२६ | ० | २९,९५,४५,४४३.२६ |
| संघीय सरकार | १२ | ३४,३४,८६,०००.०० | ३४,५३,२६,०००.०० | ० | ३४,५३,२६,०००.०० | २८,८४,०४,९२२.२६ | ० | २८,८४,०४,९२२.२६ |
| प्रदेश सरकार | १२ | २,४३,०५,०००.०० | २,४३,०५,०००.०० | ० | २,४३,०५,०००.०० | ९७,८०,५९९.०० | ० | ९७,८०,५९९.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | १३,५९,९२२.०० | ० | १३,५९,९२२.०० |
| १४००० अन्य राजस्व | | १३,१०,०००.०० | ४९,७८,३६६.०० | ० | ४९,७८,३६६.०० | ३०,५३,०८२.१५ | ० | ३०,५३,०८२.१५ |
| १५००० विविध प्राप्ति | | ९,००,०००.०० | १४,७९,१६२.१२ | ० | १४,७९,१६२.१२ | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | १३,३८,४६४.०० | ५५,७८,४७१.३३ | | ५५,७८,४७१.३३ | १,१४,६१,२५१.०० | | १,१४,६१,२५१.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १३,३८,४६४.०० | २,००,०००.०० | ० | २,००,०००.०० | ६६,६६,९१२.०० | ० | ६६,६६,९१२.०० |
| धरौटी | | ० | ५३,७८,४७१.३३ | ० | ५३,७८,४७१.३३ | ४७,९४,३३९.०० | ० | ४७,९४,३३९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५०,०३,८७,०५९.०० | ३८,९७,६९,९८३.४९ | | ३८,९७,६९,९८३.४९ | ४१,८९,४७,१४८.५२ | | ४१,८९,४७,१४८.५२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४९,९०,४८,५९५.०० | ३८,८२,४८,०५५.४९ | | ३८,८२,४८,०५५.४९ | ४०,९५,५०,३३७.५२ | | ४०,९५,५०,३३७.५२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२,०८,१८,०००.०० | ११,७४,३८,८१२.४३ | ० | ११,७४,३८,८१२.४३ | १०,५४,९१,१३९.७७ | ० | १०,५४,९१,१३९.७७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,०४,६५,८८३.०० | १२,०१,३२,७४०.०६ | ० | १२,०१,३२,७४०.०६ | १०,०३,९५,४२६.७५ | ० | १०,०३,९५,४२६.७५ |
| २५००० सहायता (Subsidy) | १८ | २५,००,०००.०० | २२,६१,१४८.०० | ० | २२,६१,१४८.०० | १५,८६,८००.०० | ० | १५,८६,८००.०० |
| २६००० अनुदान | १८ | ३६,००,०००.०० | ३२,४१,७७७.०० | ० | ३२,४१,७७७.०० | ८९,८४,६००.०० | ० | ८९,८४,६००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,८२,२०,०००.०० | ७८,४४,१५७.०० | ० | ७८,४४,१५७.०० | १,२०,६७,७०३.०० | ० | १,२०,६७,७०३.०० |
| २८००० अन्य खर्च | १८ | १८,००,०००.०० | १७,९७,३८०.०० | ० | १७,९७,३८०.०० | १४,८०,०००.०० | ० | १४,८०,०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,१६,४४,७१२.०० | १३,५५,३२,०४१.०० | ० | १३,५५,३२,०४१.०० | १७,९५,४४,६६८.०० | ० | १७,९५,४४,६६८.०० |
| ३२००० वित्तीय | १८ | ० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सम्पत्ति | | | | | | | | |
| घ. अन्य भूक्तानी | | १३,३८,४६४.०० | १५,२१,९२८.०० | | १५,२१,९२८.०० | ४१,८९,४७,१४८.५२ | | ४१,८९,४७,१४८.५२ |
| कोषहरु | | १३,३८,४६४.०० | १०,६५,७९१.०० | ० | १०,६५,७९१.०० | ५७,०२,४४८.०० | ० | ५७,०२,४४८.०० |
| धरौटी | | ० | ४,५६,१३७.०० | ० | ४,५६,१३७.०० | ३६,९४,३६३.०० | ० | ३६,९४,३६३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,८३,९१,८५२.००) | ९,८३,९०,२३०.१० | | ९,८३,९०,२३०.१० | (१,११,६१,५७८.०७) | | (१,११,६१,५७८.०७) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,२६,७६,९२४.८९ | | ३,२६,७६,९२४.८९ | ८,७२,८१,१८४.०० | | ८,७२,८१,१८४.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,८३,९१,८५२.००) | १३,१०,६७,१५४.९९ | | १३,१०,६७,१५४.९९ | ७,६१,१९,६०५.९३ | | ७,६१,१९,६०५.९३ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १३,११,७३,०७७.९९ | | १३,११,७३,०७७.९९ | ६,२४,७१,०७३.९३ | | ६,२४,७१,०७३.९३ |

| ७ | | | **एकिकृत आय व्यय विवरणः** | |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी

आर्थिक वर्ष २०७८/८९ को एकिकृत आयव्यय विवरण

| क्र.स. | आय विवरण | रकम | जम्मा रकम | क्र.स. | व्यय विवरण | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात | | ३२८२७२६५.९९ | १. | व्यय विवरण | | ३८८२४८०५५.४९ |
| | क. चालु खर्च खाता | ७२०४८४.४५ | | | क. चालु खर्च | २५२७१६०१४.५ | |
| | ख. पुँजीगत खर्च खाता | १४९०१४१९.६ | | | ख. पुँजीगत खर्च | १३५५३२०४१ | |
| | ग. संचित कोष खाता | ९०१६९४७.९४ | | २ | सशर्त अनुदान फिर्ता | | ५२०५५५०५.६९ |
| | घ. धरौटी खाता | ६८९९९५० | | | क. नेपाल सरकार | ५०९३९५१४.६९ | |
| | ङ. प्रकोप व्यवस्थापन खाता | १०८८४६४ | | | चालु अनुदान | ४९९३४०५५.६९ | |
| | च. लैंगीक हिंसा निवारण कोष | २००००० | | | पुँजीगत अनुदान | १००५४५९.० | |
| २ | नेपाल सरकारको अनुदान | | ३४५३२६००० | | ख. प्रदेश सरकार | ११३५९९१.०० | |
| | क. वित्तिय समानीकरण अनुदान | १३०८००००० | | | चालु अनुदान | ११३५९९१.०० | |
| | ख. शसर्त अनुदान | २१४५२६००० | | ३ | अन्य खर्च | | १५२१९२८ |
| ३ | प्रदेश सरकारको अनुदान | | २४३०५००० | | धरौटी फिर्ता | ४५६१३७ | |
| | क. वित्तिय समानीकरण अनुदान | ७६३६००० | | | प्रकोप व्यवस्थापन कोष | १०६५७९१ | |
| | ख. शसर्त अनुदान | ६६६९००० | | | लैंगीक हिंसा निवारण कोष | ० | |
| | ग. समपुरक अनुदान | १०००००००० | | ४ | अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ | | ९९४३५३०४ |
| ४ | राजश्व बाँडफाँडबाट प्राप्त रकम | | ९५६३३९३६.३९ | | क. सामाजिक सुरक्षा तथा संरक्षण | ९४११३१४४ | |
| | क. मु. अ. क. र अन्तशुल्क | ९१६८१३०६.६ | | | ख. स्थानीय प्रशासकिय भवन निर्माण | ४८५८१६० | |
| | ख. सवारी साधन कर | ३९५२६२९.७९ | | | ग. गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | |
| ५ | अन्य संस्थाको अनुदान | | १५१४२६३ | ५ | नगद मौज्दात | | ८००५६४८३.९० |
| | क. एल. जि. सि. पी. | ३३३९६७.५ | | | क. चालु खर्च खाता | ८०३४६७७.३१ | |
| | ख. करुणा फाउन्डेसन | ११८०२९५ | | | ख. पुँजीगत खर्च खाता | ५९२६१०४६.४१ | |
| ७ | आन्तरिक श्रोत | | १६८४७०३६.८७ | | ग. संचित कोष खाता | ६६५८०२.८५ | |
| ८ | धरौटी | | ५३०८४७१.३३ | | घ. धरौटी खाता | ११८२२२८४.३३ | |
| ९ | प्रकोप व्यवस्थापन कोष | | ० | | ङ. प्रकोप व्यवस्थापन खाता | २२६७३ | |
| १० | लैंगीक हिंसा निवारण कोष | | ५०००० | | च. लैंगीक हिंसा निवारण कोष | २५०००० | |
| ११ | अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ | | ९९४३५३०४ | | | | |
| | क. सामाजिक सुरक्षा तथा संरक्षण | ९४११३१४४ | | | | | |
| | ख. स्थानीय प्रशासकिय भवन निर्माण | ४८५८१६० | | | | | |
| | ग. गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | | | | | |
| | | | ६२१३१७२७७.०८ | | | | ६२१३१७२७७.०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वित्तिय विवरणको विश्लेषण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ६.१ | | | **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९४११३१४४ स्थानीय प्रशासकीय भवन तर्फको रु ४८५८१६० र गरिब संग विशेश्वर कार्यक्रम तर्फको रु ४६४००० गरी जम्मा रु ९९४३५३०४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ६.२ | | | **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको अल्या रु १५०३४१, यस वर्षको प्राप्ति रु. १८०७०४४४२ ,यस वर्षको भुक्तानी रु. १२२३१३६४६ र बैङ्क मौज्दात रु. ५१०१०६७१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) | ३२६७६९२४ | ४०७७८५५७० | ४१८९४७१४८ | १३१०६७१५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>३२८२७२६५</td><td>५८८४९००१२</td><td>५४१२६०७९४</td><td>८००५६४८३</td></tr><tr><td>फरक</td><td>१५०३४१</td><td>१८०७०४४४२</td><td>१२२३१३६४६</td><td>५१०१०६७१</td></tr></table> | |
| ६.३ | | | **सञ्चित कोष जिम्मेवारी** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी यकीन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार संचित कोष समेत रु. ३२८०८४७२ मौज्दात रहेकोमा यो वर्ष संचित कोष समेत रु. ३२६७९९२४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १२८५४८ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकीन गर्नुपर्ने रु. | १२८,५४८ |
| ६.४ | | | **बैंक हिसाव मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले संघीय अनुदान र प्रदेश अनुदान फिर्ता गरेको रकम संचित कोषको अनुसूची १० बाट घटे नघटेको यकीन गरी बैंक हिसाव मिलान विवरण तयार गरी यकीन पर्दछ ।<br><table><tr><td>सि.नं.</td><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार बाँकी</td><td>बैंक स्टेटमेण्ट अनुसार बाँकी</td><td>फरक</td></tr><tr><td>१</td><td>संचित कोष</td><td>६७९६१५२५</td><td>६८०९५३५८ (चालु पुँजीगत तथा आन्तरिक राजश्व खाता समेत)</td><td>१३३८३३</td></tr><tr><td>२</td><td>धरौटी खाता</td><td>११८२२३८४</td><td>१२२९२४७०</td><td>४७००८६</td></tr><tr><td>३</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>७२३३२</td><td>२२६७८</td><td>-४९६५४</td></tr><tr><td colspan="4">जम्मा</td><td>५५४२६५</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणालीमार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खाता तयार गरेको देखिएन<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मुल्यांङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।<br>• पालिकामा PAMS लागू भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुँदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दातबारे यकीन गर्न नसकिने हुँदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिवेदन तयार गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इटीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गूरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु. हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्यूनतम दररेट तोकेको पाइयो ।<br>• ठेक्काहरु.को विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐन,को उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाइएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु. विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थनिय तहको आर्थिक कारोवारको लागि म. ले. नि. का. वाट स्वीकृत सफ्टवेयर सूत्र (SuTRA) प्रयोग गरी कारोवार संचालन र वित्तिय प्रतिवेदन तयार गरेको पाइयो।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको कार्यबाहक अध्यक्ष पुनम कुमारी मेहताले मिति २०७८।०३।१० मा रु. ४७ करोड १९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९ | | | **लक्ष्य/प्रगति स्थितिः**<br><br>आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३५ मा बजेट कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम ३६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मा त्रैमासिम प्रगति प्रतिवेदन प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने तथा समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नु पर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नियमावलीको व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । अतः पालिकाले वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गरे नगरेको बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>त्रैमासिक खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सुत्र (SuTRA) सफ्टवेयरबाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलब्ध हुने चौमासिक खर्च विवरण अनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।<br>
<table>
<tr><th rowspan="2">बजेट शीर्षक</th><th rowspan="2">कुल खर्च रु.</th><th colspan="4">चौमासिक खर्च ( रु . हजारमा )</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th><th>आषाढ महिना</th></tr>
<tr><td>कुल पूँजीगत खर्च</td><td>१३५५३२</td><td>३९३०९</td><td>७१८८८</td><td>२४३३४</td><td>२०४४०</td></tr>
<tr><td>खर्चको प्रतिशत</td><td>१००</td><td>२९</td><td>५३</td><td>१८</td><td>१५</td></tr>
</table>
<br>प्राप्त विवरणको विश्लेषण गर्दा पूँजीगत खर्चमध्ये तेस्रो चौमासिकमा मात्र कुल खर्चको १८ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको १५ प्रतिशत खर्च भएको देखिन्छ । तेस्रो चौमासिकमा भएको खर्चमध्ये १५ प्रतिशत खर्च असार महिनामा मात्र खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नपर्ने तथा प्राविधिक मूल्याकंन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खरिद योजनाः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गूरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद इकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरिद नियम तथा खरिद प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |
| १२ | | | **लेखा ढाँचाको प्रयोग**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राखु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण, २०७४ बमोजिम स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरी दुई समूहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष गाउंपालिकाले उपर्युक्त ढाँचा अनुसारको सम्पूर्ण आर्थिक कारोबार सूत्रमा अभिलेख नभएको अवस्था देखियो । अतः पालिकाले सम्पूर्ण अभिलेखलाई सूत्रमा अभिलेख गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १३ | | | **विद्यालयको नियमन**<br><br>स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र गाउँपालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुबिधा अनिबार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । | |
| १४ | | | **निजी लगानीका विद्यालयमा छात्रवृत्ती**<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन गरेका विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षासम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिमको स्थान निशुल्क शिक्षा प्रदान गर्न विद्यार्थीलाई आरक्षण गर्नुपर्ने व्यवस्था छ ।<br><br>विद्यार्थी संख्या — निशुल्क शिक्षाका लागि आरक्षण संख्या<br>५०० जना सम्म — कम्तिमा १० प्रतिशत<br>५०० जना देखि ८०० जना सम्म — कम्तिमा १२ प्रतिशत<br>८०० जना भन्दा बढी — कम्तिमा १५ प्रतिशत | |
| १५ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्याको आधारमा तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ। पालिकाले विद्यालयको संख्या, दरबन्दी र विद्यार्थी संख्याको आधारमा दरबन्दीमा स्थायी शिक्षक नियुक्ति गर्नेल र विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विद्यालय संख्या</td><td>शिक्षक दरबन्दी</td><td>पदपूर्ति</td><td>पदपूर्ति मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr>
<tr><td>२७</td><td>२७१</td><td>२७१</td><td>१२६</td><td>७०३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>भ्रमण खभिलेख<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरी एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिवेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>जिन्सी लगत र संरक्षण<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(४) मा उपनियम १ र २ बमोजिम कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । त्यस्तै, नियम ९९(१) मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानक के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामानको अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । पालिकाले नियमावली बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पूर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई आम्दानी बाध्ने गरेको तथा आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| १९ | | | **अनुदानको अनुगमन**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन् । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै पालिकाले अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति र कानुन निर्माण गरेका छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकीन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २० | | | **सवारी साधन तथा मेशिनरी औजार भाडा**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गारई राख्नु पर्ने व्यवस्था छ । पालिकाले अन्य भाडा शीर्षकबाट यस वर्ष विभिन्न समयमा गाडी भाडामा विभिन्न व्यक्ती तथा संस्थालाई रु. ४,९७,३८० भुक्तानी लेखेको छ । कार्यालयले गाडी भाडामा लिंदा सम्झौता नगरी भाडामा लिने गरेको, लिनुको प्रयोजन नखुलेको तथा प्रयोग गरेको अवधि खुल्ने गरी सवारी लकबुक राखेको पाइएन । जसले गर्दा कुन कार्यको लागि कसले कुन समयसम्म प्रयोग गरेको हो यकीन गर्न सकिएन । आगामी दिनमा आवश्यकताको आधारमा मात्र गाडी भाडा लिई सवारी प्रयोगको लकबुक राखि कार्यालयको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २१ | | | **धरौटी तर्फ**<br><br>पालिकाको धरौटी खातामा गत वर्षको अ.ल्या. रु. ६८९९९५० र यो वर्षको थप रु. ५३७८४७१ गरी जम्मा रु. १२२७८४२१ प्राप्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा रु. ४५६१३७ फिर्ता भई रु. ११८२२३८४ मौज्दात रहेको देखिन्छ । बैङ्क मौज्दात रु. १२२९२४७० देखाएकोमा म.ले.प.फा.नं. २७२ को अनुसूची १५ ले देखाएको मौज्दात भन्दा रु. ४७००८६ बैङ्क मौज्दात बढी देखाएको सम्बन्धमा यकीन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन् | |
| २१.१ | | | कार्यालयले अनुसूची ११ बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची १२ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले व्यक्तिगत धरौटी खाता राखेको पाइएन । धरौटी खाता नराख्दा धरौटी फिर्ता र बाँकीको अवस्था यकीन नहुने हुनाले नियमावलीमा व्यवस्था भए बमोजिम धरौटी खाता प्रयोगमा ल्याउनुपर्दछ । | |
| २१.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरिएको धरौटी रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने भन्ने व्यवस्था छ । कार्यालयले तपशिल बमोजिमका फर्महरूलाई कर समायोजन गरेको कागजात बेगर धरौटी रकम भुक्तानी गरेको हुँदा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ३६२,०७७ |

| सि नं | भौचर र मिति | निर्माण व्यवसायी | रकम |
|---|---|---|---|
| १ | ८।०७८।७।१५ | पवित्रा निर्माण सेवा | २१०५१ |
| २ | ११।०७८।७।१५ | न्यु मोडेल कन्स्ट्रक्सन | ४२९६० |
| ३ | १२।०७८।७।१५ | खुश्बु कन्स्ट्रक्सन | ४२५१० |
| ४ | १६।०७९।१।१५ | श्री कृष्ण निर्माण सेवा | २१३७९ |
| ५ | १७।०७९।१।१९ | हरिना निर्माण सेवा | २१३७२ |
| ६ | १८।०७९।१।१९ | सेलेस्टी कन्स्ट्रक्सन | २१३६० |
| ७ | १९।०७९।३।२५ | शिवगंज निर्माण सेवा | १९१४४५ |
| जम्मा | | | ३६२०७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **पेश्की बाँकी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को ११३ मा पेश्की सम्बन्धि व्यवस्था छ । पालिकाको म.ले.प.फा.नं. २११ परिक्षण गर्दा देहाय अनुसार चालु वर्षको अन्तमा फछ्र्यौट गर्न बाँकी पेश्की असूल फछ्र्यौट हुनुपर्दछ । | |
| २३ | | | **विविध कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसारको कारोबार तथा बैङ्क मौज्दात रहेको खाता तथा कोषहरुलाई सूत्रमा प्रविष्ट गरेको देखिदैन जसबाट पालिकाले पेश गरेको आर्थिक विवरण तथा स्रेस्तामा उक्त कारोबारहरु समावेश गरिएको देखिदैन । सूत्र भन्दा बाहिर गरिएको कारोबार सम्बन्धमा यकीन गर्न सकिएन । उल्लेखित कोषहरु सूत्रमा प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । | |

| सि नं | पेश्की लिनेको नाम | पेश्की विवरण | रकम |
|---|---|---|---|
| १ | पुष्पाञ्जली जोया एण्ड ब्रदर्श जे भि | १ नं. देखि ८ नं. सम्म वडा भवन | ५७९६५०० |
| २ | सपना आर के जे भी | रामजानकी मन्दिर देखि भारत सिमा सम्म सडक | २०००००० |
| ३ | सपना आर के जे भी | हुलाकी राजमार्ग देखि दक्षिण यादव टोल हुदै बसन्तपुर सम्म बाटो | ३६००००० |
| ४ | श्री हिराचन ए एम एच एम जेभी | १ नं. वडा कार्यालय देखि ८ नं. वडा भवन | २६४०००० |
| ५ | श्री हिराचन ए एम एच एम जेभी | १ नं. वडा कार्यालय देखि ८ नं. वडा भवन | ५१००००० |
| ६ | नेपाल विद्युत प्राधिकरण | सडकबत्ति जडान | २७५०००० |
| जम्मा | | | ११०४१००० |

| **शीर्षक** | **रकम बैङ्क मौज्दात तथा** | **कैफियत** |
|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>कारोबार रकम</td><td></td></tr><tr><td>विविध कोष खाता ग ५ १</td><td>५३०३८७९</td><td>सामाजिक सुरक्षा को रकम</td></tr></table> | |
| २४ | | | **आन्तरिक आयः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद- ९ मा गाउँपालिकाको वित्तीय अधिकारक्षेत्रमा पालिकाले उठाउन सक्ने कर, शुल्क वा दस्तुर उठाउने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा सूत्रको अनुसूची ११ अनुसार आन्तरिक राजस्व अन्तर्गत विभिन्न राजस्व शीर्षकमा आम्दानी रकम रु.. १,१५,५८,४०३ अनुमान गरेकोमा वास्तविक राजस्व आम्दानी रकम रु. १,५८,३६,५४३ असुली भएको देखिन्छ । तर, पालिकाको आन्तरिक राजश्व सफ्टवेयरले राजश्व आम्दानी रकम रु.. ५९,४७,४५८ मात्र असुल भएको देखिन्छ । पालिकाले सूत्र र राजश्व सफ्टवेयरको आम्दानी प्रतिवेदनमा भएको फरक यकीन गरी राजश्व आम्दानीलाई यथार्थपरक बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | | | **अनुगमन भत्ता**<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धि अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यलाई तोकिएबमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । जसमा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी गर्दा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई अनुगमन भत्ता रु. ६,४८,००० खर्च लेखेकोमा मासिक अनुगमन प्रतिवेदन तयार गरेको पाइएन । आगामी दिनमा पालिकाले कानुनको पालना गरी पदाधिकारीलाई सुविधा उपलब्ध गराउनु पर्दछ । | |
| २६ | | | **आर्थिक सहायता**<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.५९९९९० आर्थिक सहायता वितरण गरेको छ । साथै पालिकाले कार्यवाहक गाउँपालिका अध्यक्ष श्री पुनम कुमारी मेहतालाई आर्थिक सहायता रु. १,००,००० आर्थिक सहायता वितरण गरेको छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| २७ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा करारमा कर्मचारी राखि रु. ९१३३४१४ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक कृषि प्राविधिक १ र अमिन १ जना गरी २ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ४४२००० भुक्तानी गरेको अनियमित देखिएको रु. | ४४२,००० |
| २८ | | | **तलब प्रतिवेदन**<br><br>निजामती सेवा ऐन २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका चालुतर्फ कर्मचारीको रु. १८१९०५८७ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| २९ | | | **कानुनी सल्लाहकार र स्वकीय सचिव**<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) गाउँपालिकाको जनप्रतिनिधिले कानुनी सल्लाहकार तथा स्वकीय सचिव राख्न पाउने उल्लेख भएको छैन । पालिकाले यस वर्ष एक जना (पञ्चदेव मेहता) कानुनी सल्लाहकार तथा एक जना (मिथिलेश कुमार यादव) स्वकीय सचिवमा नियुक्त गरी तलव भत्ता वापत रु. ४,४०,००० खर्च लेखेको छ । ऐन अनुसार राख्न नपाउने सल्लाहकार र स्वकीय सचिव नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार नगरेको तथा सोको मुल्याङ्कन समेत नगरी भुक्तानी गरेको खर्च अनियमित देखिएको रु. | ४४०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **इन्धन मापदण्ड**<br><br>प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय प्रयोजन) मा रु. ३,९९,५४० खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३१ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष गाउँपालिका चालु शीर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. ५२००४८० खर्च गरेको छ । साथै पालिकाले सबै वडाहरुमा समेत विविध खर्च शीर्षकमा विनियोजन गरी खर्च गरेको पाइयो । यस्तो खर्च लेख्दा पुष्ट्याई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ३२ | | | **संचार खर्च मापदण्ड**<br><br>पालिकाले यस वर्ष संचार खर्च शीर्षकबाट टेलीफोन, इन्टरनेट शुल्क तथा मोबाई रिचार्ज खर्च रु. ३,९९,५४० खर्च गरेको छ । कार्यालयमा ल्याडलाईन टेलिफोन खर्च तथा पदाधिकारीहरुलाई संचार खर्च वापत मोवाइमा रिचार्ज समेत भुक्तानी दिने गरेको पाइयो । यसरी संचार खर्च भुक्तानी सम्बन्धी कार्यविधि नभएकोले के कति खर्च पाउने हो यकीन गर्न सकिएन । आगामी दिनमा संचार खर्चसम्बन्धी कार्यविधि बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । | |
| ३३ | | | **गत वर्षको भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेमा व्यहोर्नु पर्ने उचित कारण र आधार भएमा सम्बन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले आ.व. २०७७/७८ जनप्रतिनिधिलाई दैनिक भ्रमण खर्च रु. १५००० भुक्तानी गर्दा नियमानुसार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राख्नु पर्ने भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित नगराई भुक्तानी गरेको छ । जसले गर्दा भुक्तानी दिन बाँकीको विवरण यकीन गर्न नसकिने हुँदा आगामी दिनमा पालिकाले कानुनमा भएको व्यवस्था बमोजिम भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई भुक्तानी दिनु पर्दछ । | |
| ३४ | | | **सवारी साधन मर्मत**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पराउनु पर्ने, सवारी साधन मर्मत कार्य गर्दा मर्मत आदेश तयार गरी तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेका सवारी साधनहरु मर्मत संभार गर्दा मर्मत आदेश तयार नगरेको, सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाएको तथा सवारी साधन मर्मत गर्ने कार्यादेश तथा सवारी मर्मत कार्यको सम्बन्धित प्राविधिकबाट सिफारिस नगरी देहाय बमोजिम भुक्तानी गरेको हुँदा आगामी दिनमा कानुनको परिपालना गरी सवारी साधन मर्मतमा मितव्ययिता अपनाउनुपर्दछ ।<br><br><table><tr><td>भौचर नं. र मिति</td><td>मर्मत गर्ने फर्मको नाम</td><td>रकम</td></tr><tr><td>३२८-०७८/८/२६</td><td>हाइडोलिक वर्कसप इनरु.वा</td><td>७९३४२</td></tr><tr><td>३३७-०७८/८/२६</td><td>सानु अटो पार्टस एण्ड रिकन्डिसन</td><td>१००००</td></tr><tr><td>३५८-०७८/९/९</td><td>आशिष सर्भिसिङ्ग सेन्टर सुनसरी</td><td>९०७०३</td></tr><tr><td colspan="2">जम्मा</td><td>१८००४५</td></tr></table> | १८०,०४५ |
| ३५ | | | **मसलन्द तथा कार्यालय सामाग्री खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली, २०६४ को नियम (७), (८) र १६ अनुसार वार्षिक रु. १० लाख भन्दा माथीको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु. १० करोड भन्दा बढीको खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री रु. ३८,५८,५०३ को खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना समेत तयार नगरी पटक पटक टुक्रा पारी खरिद गरेको पाइयो । आगामी वर्षमा पालिकाले खरिद कानुनको पूर्ण पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ३६ | | | **स्वास्थ्य तर्फ** | |
| ३६.१ | | | **सोझै खरिदः** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस आ.व.मा संघीय सशर्च चालु शीर्षकबाट रु.१९,६६,१३२।- मूल्यको विभिन्न औषधि तथा औषधिजन्य मालसामान खरिद गर्दा सप्लायर्ससंग सोझै खरिद वा हाते कोटेशन लिई खरिद गरेको देखियो । देहायको औषधि खरिद गर्न खरिद योजना नबनाएको, माग फाराम नभरेको, लागत अनुमान तयार नगरेको र टुक्रा गरी सुविधाका आधारमा खरिद गरेको देखिन्छ । यसबाट प्रतिस्पर्धा नहुँदा मितव्ययीता कायम हुन नसक्ने र पालिकालाई थप व्ययभार पर्न सक्ने देखिएकोले नियममा व्यवस्था भए बमोजिमको प्रकृया पुऱ्याई पालिकालाई थप व्ययभार नपर्ने र मितव्ययी कायम हुने गरी औषधि खरिद गरिनु पर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| गो.भौ.नं../मिति | विवरण | फर्मको नाम | लागत अनुमान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५-०७८।६।७ | २० प्रकारको औषधि खरिद | सिभिल मेडिसिन सप्लायर्स(६०७८३९१७३) | ४९७६६९ | ४९७७९३ | औषधिको म्याद उल्लेख नगरको |
| ३१-०७८।७।१२ | ३० प्रकारका आयुर्वेदिक औषधि खरिद | ईश्वर आयु मेडिसिन सप्लायर्स(१०७८०४३१२) | नभएको | ४७४७७० | औषधिको म्याद उल्लेख नगरको |
| ९४-०७८।९।३० | २० प्रकारको औषधि खरिद | राधेश्याम मेडिकल हल (३०४३६६२०२) | ४९७६६९ | ४९७६६९ | औषधि आपूर्ति भएको ४ दिन पछि सम्झौता भएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९८-०७८।१०।२</td><td>१६ प्रकारका आयुर्वेदिक औषधि खरिद</td><td>काव्य आयुर्वेदिक फर्मा (६०८५८५४८२)</td><td>नभएको</td><td>३०००००</td><td>औषधिको म्याद उल्लेख नगरको</td></tr>
<tr><td>२४६-०७९।३।१०</td><td>१० प्रकारको आयुर्वेदिक औषधि खरिद</td><td>होसाङ्ग आयुर्वेदिक पोलिक्लिनिक (६०५६५२७३२)</td><td>नभएको</td><td>९८८१०</td><td>औषधिको म्याद उल्लेख नगरको</td></tr>
<tr><td>२४७-०७९।३।१०</td><td>९ प्रकारका आयुर्वेदिक औषधि खरिद</td><td>काव्य आयुर्वेदिक फर्मा (६०८५८५४८२)</td><td>नभएको</td><td>९७०९०</td><td>औषधिको म्याद उल्लेख नगरको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१९६६१३२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६.२</td><td>९४</td><td>२०७८-९-३०</td><td>पालिकाले ३ वटा फर्मबाट औषधिको इकाई दर माग गरी प्राप्त दररेटको औषतमा २० प्रतिशत घटाई उक्त औषधिको प्रति इकाई मुल्य कायम गरी सबैभन्दा कम इकाई दर पेश गर्ने फर्मबाट औषधि खरिद गर्ने गरेको देखिएको छ । पालिकाले यस भौचरबाट राधेश्याम मेडिकल हलबाट विभिन्न २० प्रकारका औषधि खरिद बापत रु.४,९७,६६९।– भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय बमोजिम रहेका छन्</td><td></td></tr>
<tr><td>३६.३</td><td></td><td></td><td>Amoxocilline 250 mg dt को प्रति ट्याब्लेट मुल्य रु.३.९८ कायम गरिएकोमा पालिकाले ५३४० ट्याब्लेट खरिद गर्दा रु.५.९७ का दरले भुक्तानी दिएको छ । बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु.</td><td>१०,६२७</td></tr>
<tr><td>३६.४</td><td></td><td></td><td>Amoxocilline 250 mg dt को परिमाण ८००० ट्याब्लेट आपूर्ति हुनुपर्ने देखिएकोमा ५३४० ट्याब्लेट मात्र आपूर्ति भएको देखियो । त्यसैगरी Omeprazole 20 mg को प्रति क्याप रु.६.८४ का दरले ८५०० क्याप रु.५८,१४०।–मा खरिद गर्नुपर्ने देखिएकोमा राधेश्याम मेडिकलको अनलाइन बिल (Invoice No:CASR0000800 जारी मिति २०७८।९।२६) अनुसार सोही मुल्यमा २११४० क्याप खरिद गरिएको देखिन्छ तर जिन्सी दाखिला प्रतिवेदनमा ८५०० क्याप मात्र दाखिला भएको देखिएकोले बिल अनुसार बढी आपूर्ति भएको रु.८१,९०७।२ बराबरको १२६४० क्याप सम्बन्धमा छलफल गर्दा कुनै विवरण प्राप्त हुन सकेन । बिल अनुसार औषधि प्राप्त भए नभएको सम्बन्धमा गुणस्तर र परिमाण परीक्षण र रुजु गरी गराई भुक्तानी दिनु पर्नेमा गरेको देखिएन । बिलमा उल्लेखित औषधि परिमाण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जिन्सी आम्दानीमा दाखिला नभएको तथा फिर्ता भएको समेत नदेखिएकोले यस सम्बन्धमा पालिकाले यकीन गर्नुपर्ने देखिन्छ । यसबाट पालिकाले माग गरे बमोजिमको औषधि आपूर्ति भए नभएको सम्बन्धमा यकीन हुन सकिएन । | |
| ३६.५ | | | पालिका र राधेश्याम मेडिकल हलबीच औषधि आपूर्ति गर्न मिति २०७८।९।३० मा सम्झौता भएको देखिएकोमा उक्त सम्झौता हुन भन्दा ४ दिन अगाडि मिति २०७८।९।२६ मा नै औषधि आपूर्ति भएको देखिन्छ । | |
| ३६.६ | | | **न्यानो झोला कार्यक्रम**- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका दुईवटा बर्थिङ सेन्टरमा गत आ.व.मा खरिद गरेको २०० थान र यस आ.व.मा खरिद गरेको २२२ थान सहित ४२२ थानको प्रति थान मुल्य अभिबृद्धि कर सहित रु.९००।- का दरले खरिद गरेको छ । खरिद गरेकोमध्ये गत आ.व.मा प्रसुती भएका १६२ र यस आ.व.मा भएका १६८ जना सहित ३३० जना प्रसुती भएका आमाहरुलाई बितरण गरी ९२ थान न्यानो झोला मौज्दातमा रहेको देखिन्छ । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । | |
| ३७ | | | **शैक्षिक प्रतिवेदन**<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकाले सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानुनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td>१८७</td><td>२०७९-१-१२</td><td>बुक कर्नर<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.३ मा सामुदायिक विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु. १५० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार यस वर्ष पालिकामा रहेका २२ वटा प्राथमिक विद्यालयहरुलाई शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु. १४७२१०० अनुदान वितरण गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण सिकाई सामाग्री मात्रै खरिद गरी बुक कर्नर निर्माण गर्नुपर्नेमा शिक्षण सामाग्री मात्रै खरिद गरेको पाइयो । आगामी दिनमा नियमको पालना गरी खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तक<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ । पालिका भित्र संचालनमा रहेका ४० सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको लागि रु. ३४,२०,१०५ अनुदान भुक्तानी गरेको छ । निःशुल्क पाठ्यपुस्तक अनुदान निकासा गरेकोमा देहायका विद्यालयहरुले लेखापरीक्षणको समयममा पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरेको विल भरपाई पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं .</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>श्री पृथ्वी नारायण मावि भोक्राहा ४</td><td>१२९८९२</td></tr>
<tr><td>२</td><td>श्री शारदा मावि भोक्राहा १</td><td>४३८२३८</td></tr>
<tr><td>३</td><td>श्री कर्मा आवि भोक्राहा १</td><td>२४८९३</td></tr>
<tr><td>४</td><td>श्री राम सीता आवि भोक्राहा ३</td><td>१७६८५</td></tr>
<tr><td>५</td><td>श्री महाविर आवि भोक्राहा ६</td><td>१७०९०</td></tr>
<tr><td>६</td><td>श्री ब्रम्हदेव उराउ मण्डेला स्मृति आवि</td><td>२६९३३</td></tr>
</table></td><td>१,२४१,४४४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>जामिया स्लामिया भोक्राहा ४</td><td>११९१३७</td></tr>
<tr><td>८</td><td>मदरसत्तुल अल स्लामिया भोक्राहा ५</td><td>५४६६९</td></tr>
<tr><td>९</td><td>मदरसा दारु.ल इमान भोक्राहा ६</td><td>४९१२३</td></tr>
<tr><td>१०</td><td>मदरसा तालिमुल कुरान भोक्राहा ५</td><td>६८३०६</td></tr>
<tr><td>११</td><td>दारु.ल उलुम मजहरु.ल भोक्राहा भोक्राहा २</td><td>२६८२३</td></tr>
<tr><td>१२</td><td>मदरसा दारु.ल फलाह भोक्राहा ६</td><td>२९९७४</td></tr>
<tr><td>१३</td><td>माहद सैयादिना बेलाल भोक्राहा २</td><td>७६३४२</td></tr>
<tr><td>१४</td><td>मदरसा स्लामिया भोक्राहा ४</td><td>१३६०८</td></tr>
<tr><td>१५</td><td>जामिया जियाउल उलुम भोक्राहा ८</td><td>१०८३४०</td></tr>
<tr><td>१६</td><td>मदरसा जियाउल उलुम भोक्राहा ८</td><td>४०३९१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२४१४४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>विद्यालयगत निकासा रजिस्टर्ड<br><br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राखु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रु.पमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राखु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>
बढी निकासा
सामुदायिक विद्यालयका शिक्षकहरुको तलब निकासा गर्दा राष्ट्रिय किताबखाना (शिक्षक) बाट तलब र ग्रेड भिडान गरी विद्यालयको माग फारम अनुसार भुक्तानी गर्नु पर्दछ । विद्यालयका शिक्षकहरुको तलब निकासा गर्दा देहायका विद्यालयलाई बढी निकासा भएको पाइएकोले सम्बन्धित विद्यालयबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>शिक्षकको नाम</td><td>अवकाश/सरु.वा मिति</td><td>निकासा भएको</td><td>निकासा हुनु पर्ने</td><td>बढी निकासा</td></tr>
<tr><td>राष्ट्रिय आ. वि .</td><td>विद्यालयको एकमुष्ट निकासा</td><td>-</td><td>१००५५१२</td><td>८३५२९३</td><td>१७०२१९</td></tr>
<tr><td>शारदा मा. वि . भोक्राहा १</td><td>कृष्ण बहादुर पौडेल</td><td>२०७८।५।२४</td><td>२१६१८२</td><td>८००६७</td><td>१३६११५</td></tr>
<tr><td>जनता मा. वि . भोक्राहा ७</td><td>दिप नारायण चौधरी</td><td>२०७८।५।१३</td><td>७८२९८</td><td>६३४५२</td><td>१४८४२</td></tr>
<tr><td>श्री आ. वि . भोक्राहा ७</td><td colspan="2">विद्यालयको तेस्रो चौमासिक माग अनुसार</td><td>१०३४०५९</td><td>१०३१५५९</td><td>२५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२३३४०५१</td><td>२०१०३७१</td><td>३२३६७६</td></tr>
</table>
</td><td>३२३,६७६</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
दिवा खाजा
कार्याक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मा विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ३३
</td><td>१६५,५७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु. ३८,६६,१९० निकासा भएकोमा IEMIS को तथ्यांक अध्यावधिक गरी विद्यार्थी संख्या यकीन नगरेको तथा खाजाको मेनु तयार नगरी अधिकांश विद्यालयले नगदै वितरण गरेको भरपाई पेश गरेको तथा पालिकाले अनुगमन गरेको पाइएन । जसले गर्दा कार्यान्वय पुस्तिकाको पालना भएको नपाइएकोले दिवा खाजा कार्यक्रममा निकासा भएको अनुसारको खर्च यकीन गर्न सकिएन । आगामी दिनमा कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ । श्री शारदा मा.वि. भोक्राहा-१ लाई दिवा खाजा अनुदान रु १६५५७० निकासा गरेकोमा अनुदान खर्चको विल भरपाई पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने र | |
| ४३ | | | **आइसिटी ल्याब**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा सामुदायिक विद्यालयलाई आइसिटी ल्याव व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट सरस्वती आ.वि. भोक्राहा-२ विद्यालयलाई आइसिटी ल्याव व्यवस्थापनका लागी रु.६५००००।-निकासा भएको देखिन्छ। विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ।विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन।कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.... | ६५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>शिक्षण सहयोग अनुदान<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.११ अनुसार सार्वजनिक विद्यालयमा विज्ञान, गणित तथा अंग्रेजी शिक्षक दरबन्दी नभएको विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिने व्यवस्था छ । जसमा विद्यालयले शिक्षक नियुक्ती गरी पठनपाठन गर्ने र नियुक्ती भएको समयको शिक्षकको तलब भत्ता अनुदान उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा पालिकाले देहायको विद्यालयमा अनुदान भुक्तानी गर्दा बढी भुक्तानी गरेको पाइएकोले विद्यालयबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>नियुक्ती मिति</th><th>निकासा भएको</th><th>निकासा हुनुपर्ने</th><th>बढी निकासा</th></tr>
<tr><td>जनता मा. वि . भोक्राहा ३</td><td>आरती चौधरी</td><td>२०७८।६।१</td><td>४३१८००</td><td>३५९८३३</td><td>७१९६७</td></tr>
<tr><td>राष्ट्रिय आ. वि . भोक्राहा ८</td><td>गीता नारायण साह</td><td>२०७८।६।१७</td><td>३३८४००</td><td>२६६०२०</td><td>७२३८०</td></tr>
<tr><td>श्री आ. वि . भोक्राहा २</td><td>सन्तोष मण्डल</td><td>२०७८।६।१४</td><td>३३८४००</td><td>२६८८२०</td><td>६९५८०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११०८६००</td><td>८९४६७३</td><td>२१३९२७</td></tr>
</table></td><td>२१३,९२७</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>कषि तथा पशु कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>४५.१</td><td></td><td></td><td>कृषि अनुदानः पालिकाबाट यस आ.व.मा विभिन्न १३ वटा कृषि सहकारी संस्थासँग ५०/५० प्रतिशत लागत सहभागिता हुने शर्तमा सम्झौता गरी ती संस्थाबाट उन्नत गहुँ र धानको बिउ खरिद र वितरण गरेको बिल भरपाईको आधारमा पालिकाबाट सम्झौता बमोजिम ५० प्रतिशत अनुदान बापत रु.१३,००,०००।-भुक्तानी दिएको छ । यस कार्यक्रमबाट पालिकाका ८ वटै वडाका ६७२ कृषकहरु लाभान्वित भएको बीउ बुझिलिएको भरपाईबाट देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.२ | | | बाली पबर्द्धन कार्यक्रमः पालिकाले तरकारी बाली, मकै बाली र गहुँ बाली प्रवर्द्धन गर्न विभिन्न ८ वटा कृषि सहकारी संस्थासँग सम्झौता गरी पालिकाले सम्झौतानुसार यस कार्यक्रममा रु.२९,९९,९९८।-भुक्तानी गरेको छ । सम्झौता अनुसार कार्य भए नभएको सम्बन्धमा पालिकाबाट पालिकाको अध्यक्ष तथा उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी १ पाने प्रतिवेदन समेत संलग्न गरेको पाइयो । खर्चको बिल भरपाई परीक्षण गर्दा कृषकहरु.लाई कृषि उपकरण वितरण गरेको देखिएकोमा भरपाईमा मिति उल्लेख नभएको, केही सामग्री कार्यसम्पन्न भएको मिति भन्दा पछाडि खरिद भएको, पालिकाबाट अनुगमन गरी कार्यक्रम सम्पन्न भएको भनी प्रतिवेदन संलग्न भएकोमा उक्त प्रतिवेदनमा औल्याएका सामग्री अनुगमन गरेको मिति भन्दा पछाडिको मितिमा खरिद भएको बिल समेत पाइयो । यसर्थ कार्यक्रममा खरिद भएको सामग्रीहरुको सही अनुगमन भएको भनी स्पष्ट हुन सकिएन । पालिकाले यस सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ । | |

| क. सं . | समूहो नाम | कार्यक्रम | खरिद गरिएका सामग्री | लागत अनुमान | पालिकाले व्यहोरेको रकम | सम्पन्न गर्नुपर्ने मिति | अनुगमन भएको मिति | सम्पन्न भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २७७-०७९।३।१९ | यान्त्रिक कृषि सहकारी संस्था | मकै प्रवर्द्धन | २० एच.पी.मिनि ट्रिलर, थ्रेसर,मकै प्लान्ट,पावरस्प्रेयर खरिद र वितरण | ७६०००० | ३८०००० | २०७९।२।२६ | | प्रतिवेदन नभएको | ०७९।३।२ सम्मको बिल |
| २८३-०७९।३।२० | माधुरी कृषि सहकारी संस्था | मकै प्रवर्द्धन | ५० प्रतिशत अनुदानमा २० एच.पी.मिनि ट्रिलर, थ्रेसर,मकै प्लान्ट, पावरस्प्रेयर खरिद तथा वितरण | ७६०००० | ३८०००० | २०७९।२।२६ | २०७९।३।३ | | २०७९।३।१० मा जिंक खरिद गरेको |
| २८४-०७९।३।२० | सामुदायिक महिला कृषक समूह | तरकारी पकेट | कृषि उपकरण तथा सामग्री खरिद तथा वितरण | ७३३३३३ | ३६६६६६ | २०७९।३।६ | २०७९।३।१६ | | २०७९।३।१७ मा जिंक खरिद गरेको |
| २८५- | संदेश कृषि | तरका | कृषि उपकरण तथा सामग्री | | ३६६६६६ | २०७९ | २०७९। | | कृषि सामग्री |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ०७९।३।२० | सहकारी संस्था | री पकेट | खरिद तथा वितरण | | | ।३।१० | ३।१६ | | वितरण कार्यक्रम असार १४ राखिएको देखिएकोमा पावर स्प्रेयर, त्रिपाल लागायतका सामग्री मिति २०७९।३।१७ मा खरिद गरेको बिल |
| २८६-०७९।३।२० | उत्तम कृषि सहकारी संस्था | | पावर स्प्रेयर,त्रिपाल लगायतका कृषि उपकरण तथा सामग्री खरिद तथा वितरण | | ३६६६६६ | २०७९।३।१० | २०७९।३।१६ | | २०७९।३।१६ मा पावर स्प्रेयर, त्रिपाल लागायतका सामग्री खरिद |
| २८७-०७९।३।२० | मिथिला कृषि सहकारी संस्था | मकै प्रवर्द्धन | २० एच.पी.मिनि ट्रिलर, थ्रेसर,मकै प्लान्ट,पावरस्प्रेयर खरिद तथा वितरण | ७६०००० | ३८०००० | २०७९।२।२६ | २०७९।३।३ | | |
| २६६-०७९।३।१६ | श्यामा श्याम कृषि सहकारी संस्था | मकै प्रवर्द्धन | २० एच.पी.मिनि ट्रिलर, थ्रेसर,मकै प्लान्ट,पावरस्प्रेयर खरिद तथा वितरण | ७६०००० | ३८०००० | २०७९।२।२६ | | | सामान खरिद २०७९।३।५ सम्म गरेको |
| २६६-०७९।३।१६ | भोक्राहा साना किसान कृषि सहकारी संस्था | मकै प्रवर्द्धन | २० एच.पी.मिनि ट्रिलर, थ्रेसर,मकै प्लान्ट,पावरस्प्रेयर खरिद तथा वितरण | ७६०००० | ३८०००० | २०७९।२।२६ | | | जिंक खरिद २०७९।३।७ मा गरेको |
| | जम्मा | | | | २९९९९९ | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ८ | |
| ४५.३ | | | उत्तम कृषि सहकारी संस्थाले १०० थान त्रिपाल प्रति कि.ग्रा. रु.२८५।५ का दरले प्रतिगोटा रु.२,२१२।६ मा खरिद गरेको देखिएकोमा ओम प्रकाश साह र अर्जुन मरवैताले ४ थान त्रिपाल बुझेको भरपाई नभएकोले भरपाई पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ८,८५० |
| ४५.४ | | | २९३-०७९।३।२१ पालिकाले ग्रामिण महिला विकास संस्था(६०७८९९३०६) लाई रु.७,५०,०००।– भुक्तानी गरेको छ । संस्थाले पालिकाबाट प्राप्त रकमबाट च्याउखेती सम्बन्धी तालिम सञ्चालन गरी रु.१,००,०००।– खर्च गरी बाँकी रकम २५ जनालाई जिविकोपार्जनका लागि भनी रु.२६,०००।-का दरले अनुदान वितरण गरेको छ । जिविकोपार्जनका लागि अनुदान पाउने व्यक्ति छनौटका मापदण्ड र प्रकृयाको बारेमा खुलाएको प्रमाण संलग्न गरेको देखिएन । बितरित अनुदानबाट के कस्ता कार्य भएको छ भन्ने सम्बन्धमा पालिकालाई पनि केही जानकारी नभएको जनाएको छ । बितरित अनुदानको उदेश्य अनुरुप प्रभावकारी उपयोग भए नभएको सम्बन्धमा सरोकारवाला निकाय तथा व्यक्तिबाट लेखाजोखा हुनपर्दछ । | |
| ४५.५ | | | प्रतिवेदनको पारिश्रमिकः नेपाल सरकार अर्थ मान्त्रालयद्वारा जारी कार्य सञ्चालन निर्देशिका, २०७७ र प्रदेश नम्बर १ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा तालिम केन्द्र र केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित तालिम, गोष्ठी, सेमिनारको प्रतिवेदन तयार गरे बापत प्रतिवेदकलाई १ दिनको कार्यक्रम भए रु.१,०००।-र थप अतिरिक्त दिनको रु.५००।-का दरले प्रति कार्यक्रम रु.३,०००।– भन्दा बढी नहुने गरी पारिश्रमिक भुक्तानी गर्न सकिने व्यवस्था छ । लेखापरीक्षको क्रममा नमूनाको रुपमा परीक्षण गर्दा पालिकाले केही कार्यक्रमको प्रतिवेदन तयार गरे बापत भुक्तानीमा १५ प्रतिशत पारिश्रमिक कर कट्टा नगरी भुक्तानी गरेको देखिएकोले आगामी दिनमा सुधार हुनुपर्दछ । | |
| ४५.६ | | | शीर्षक फरक पारी खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा विनियोजित वजेट सम्बन्धित खर्च शीर्षकमा गर्नुपर्ने उल्लेख छ । कार्यालयले तपसिल वमोजिमको रु.४,९९,७८४।- रकम शीर्षक फरक पारी खर्च लेखेको छ । विनियोजित बजेट खर्च गर्दा शीर्षक फरक पारी गरेको अनियमित देखिएको रु. | ४९९,७८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ नं. /मिति</th><th>खरिद विवरण</th><th>खर्च लेख्नुपर्ने शीर्षक</th><th>खर्च लेखेको शीर्षक,कार्यक्रमको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>३०८-०७९।३।२२</td><td>रिचार्ज र ल्यापटप मर्मत</td><td>संचार र मर्मत</td><td>२११११ तलब</td><td>२०८००</td></tr>
<tr><td>३०८-०७९।३।२२</td><td>पञ्चिङ्ग मेसिन, जेलपेन लगायत</td><td>मसलन्द</td><td>२११११ तलब</td><td>४७८९८४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४९९७८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५.७</td><td></td><td></td><td>शिविर सञ्चालनः पालिकाभरी सबै वडाहरुमा व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा तथा गुनासो सुनुवाई सम्बन्धी शिविर सञ्चालन गर्नको लागि पालिका र पकली टेक्नोलोजी इन्स्टिच्यूट प्रा.लि.(६०९६२६९०४) इटहरी ४ सुनसरीबीच मिति २०७९ जेठमसान्तसम्ममा कार्य सम्पन्न गरे पश्चात मुल्य अभिबृद्धि कर सहित रु.८,५४,२८०।– भुक्तानी हुने गरी मिति २०७८।१२।२८ मा सम्झौता भएको छ । सम्झौताको बुँदा नं. ५ मा शिविर सञ्चालन गर्नु पूर्व, शिविर सञ्चालन हुने समय, स्थान, मिति साथै शिविरबाट प्रवाह हुने सेवा, सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने प्रक्रिया र आवश्यक कागज पत्रका सम्बन्धमा सबै वडाहरुमा सूचना तथा प्रचार प्रसार गर्नुपर्ने तथा बुँदा नं. ६ मा शिविर सञ्चालन गर्न आवश्यक पर्ने कम्प्युटर, फर्निचर, विद्युत आपूर्ति लगायतका सबै कार्य पकली टेक्नोलोजी इन्स्टिच्यूट प्रा.लि.ले गर्नुपर्ने उल्लेख छ । इन्स्टिच्यूटले सम्झौता बमोजिम मिति २०७९।१।९ देखि २०७९।२।१७ सम्म शिविर सञ्चालन गरी कार्य सम्पन्न गरेको भनी सम्झौता अनुसार पूरै रकम पालिकाबाट मिति २०७९।२।२६ मा रु.८,५४,२८०।–भुक्तानी दिएको छ ।<br><br>पालिकाले पनि शिविर सञ्चालन भएको मितिभित्रै (मिति २०७९।१।८ देखि २०७९।१।१६ सम्म वडा नं. १ देखि ६ सम्म घटना दर्ता शिविरको लागि सिटी सफारी, साउण्ड सिस्टमद्वारा टोलटोलमा सूचना प्रचारप्रसार गरे बापत रु.३५,१००।-, २०७९ बैशाख ९ गतेदेखि २८ गतेसम्म शिविर सञ्चालन हुने भनी सूचना, पम्प्लेट छपाई बापत रु.३१,२००।- र मिति २०७९।२।८ देखि १६ गतेसम्म वडा नं.१ देखि ८ सम्मका कार्यालयको वडा भित्र घटना दर्ता शिविरको लागि सिटी सफारी, साउण्ड सिस्टम र जिङ्गल रेकर्डिङ्गद्वारा टोलटोलमा सूचना प्रचारप्रसार गरेको भनी रु.५१,५००।–सहित जम्मा रु.१,१७,८००।–थप खर्च गरेको) पर्ने गरी सवै वडाहरुमा सूचना प्रचार प्रसार गरेको, पम्प्लेट छपाइ गरी वितरण गरेको भनी भुक्तानी दिएको देखियो । एउटै मिति र कार्यप्रयोजनमा पालिकाबाट थप भुक्तानी भएको देखिएकोले पालिकालाई रु.१,१७,८००।- थप व्यवहार परेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम** | |
| ४६.१ | | | स्थानीय स्तरमा रहेका न्यून आय भएका वर्गको पहिचान गरी उनीहरुमा जीविको पार्जनमा सहज र सहयोग पुऱ्याउन विभिन्न प्रकारका व्यवसायिक ज्ञान,सीप,क्षमता अभिबृद्धि गर्दै उनीहरु.को इच्छा, चाहाना, व्यवसायिक ज्ञान, सीप, अनुभवको आधारमा सोही किसिमको लघु उद्यम व्यवसाय सञ्चालन गर्न सहजीकरण गरेर गरीबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालित छ । यस आ.व.मा पालिकाले विभिन्न सीप विकास तालिममा सञ्चालन गरेको पाइयो । तालिमबाट प्राप्त ज्ञान, सीपको उचित उपयोग हुने तर्फ वशेष ध्यान दिनुपर्दछ । | |
| ४६.२ | | | गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उद्यमीहरुलाई पशु, पंक्षीका बच्चा तथा चल्ला वितरण गर्ने स्पष्ट व्यवस्था भएको पाइदैन । पालिकाले गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत यस आ.व.मा धराने कालो बंगुरको पाठापाठी प्रतिगोटा रु.४,८००।-का दरले २३ वटा रु.१,१०,०००।-मा खरिद गरी वडा नं. ५ र ६ का १५ जनालाई निःशुल्क वितरण गरेको छ । त्यसै गरी बाख्राको पाठी प्रतिगोटा रु.५,०००।-का दरले १४ वटा रु.७०,०००।-मा खरिद गरी वडा नं. १ र ५ का १४ जनालाई निःशुल्क वितरण गरेको छ । बितरित उक्त बंगुर र बाख्राको पाठीको हालको अवस्थाको सम्बन्धमा पालिकासँग सोधपुछ गर्दा हाल जिवित अवस्थामै होला भन्ने जनाएको छ । अनुदान स्वरुप निःशुल्क बितरित (पाठा, पाठी) कार्यक्रमको प्रभावकारिताको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ । | |
| ४७ | | | **ट्याक कोट**<br><br>सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेतको SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ । पालिकाले देहायका निर्माण व्यवसायीलाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.७५ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति वर्ग मिटर ०.१५ के. जी. बढी हुने गरी भुक्तानी दिएको छ । जिल्ला दररेट अनुसार रु. ९६ प्रति लिटरको दरले प्रति वर्ग मिटर ट्याक कोट मा रु. १८ को दरले जम्मा रु. २४०७६८ को बढी लागत अनुमान बनाई खरिद कार्य गरेको अनियमित देखिएको रु. | २४०,७६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| योजना | निर्माण व्यवसायी | ट्याक कोट | बढी भुक्तानी | जम्मा |
|---|---|---|---|---|
| चिरौली चौकदेखि दक्षिण पिपल चौक हुदै भागवत यादवको घर सम्म र जनता चौक दक्षिण वाटो | सपना आर के जे भी | १३३७६ | १८ | २४०७६८ |

</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**असफाल्टको काम**

पालिकाले सडक निर्माण सम्बन्धि कार्यको अस्फाल्टको लागि सडक तथा पुल निर्माण सम्बन्धि सडक विभागको नर्म्स २०७५ को आइटम नम्बर १३.६ प्रयोग गरेको देखिन्छ । नर्म्स अनुसार एक घन मिटर बेसकोर्सको काममा लाग्ने एग्रिगेटमा २० मि. मि. सम्मको गिट्टी ०.४७ घन मिटर लाग्ने देखिन्छ । जिल्ला दररेट हेर्दा उक्त रेन्जको गिट्टीको मुल्य २००० सम्म पर्नेमा पालिकाले रु. २५२५ राखी दररेट विश्लेषण गरेको कारणबाट प्रति क्यु. मि. अस्फाल्टको काममा रु. २४६ ले बढीको लागत अनुमान बन्न गई बढी भुक्तानी भएको छ । देहायको सडक निर्माण सम्बन्धि योजनामा अस्फाल्ट सम्बन्धि कामको बढीको दर निर्धारण तथा लागत अनुमान बन्न गई खरिद गरेको अनियमित देखिएको रु.

| योजना | निर्माण व्यवसायी | बेसकोर्सको परिमाण | बढी दर | जम्मा |
|---|---|---|---|---|
| चिरौली चौकदेखि दक्षिण पिपल चौक हुदै भागवत यादवको घर सम्म बाटो | सपना आर के जे भी | ११०० | २४६ | २७०६०० |
| वडा चिरौती देखि प्रकाशपुर बाटो चेनेज ०±०० देखि १±५०० सम्म | सपना आर के जेभी | ३३० | २४६ | ८११८० |
| वडा नं ३ राजमार्ग देखि उत्तर रामसिता विद्यालय हुदै वडाको सिमाना बाटो | | ५५० | २४६ | १३५३०० |
| वडा नं १ राजेन्द्र मेहताको घर देखि पूर्व बाटो | सप्तकोशी जलाधार निर्माण | १४० | २४६ | ३४४४० |

</td><td>५२१,५२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>कम्पनी प्रा लि</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५२१५२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कार्यसम्पन्न पेश हुनुपर्ने<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्यसम्पन्न भए पछि कार्यसम्पन्न प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले सम्झौताको म्याद भित्र काम सम्पन्न गरेपछि निजले गरेको कामको कार्य स्वीकार प्रतिवेदन बनाई अन्तिम बिल भुक्तानी समेत दिन सकिने व्यवस्था छ । रामजानकी मन्दिर देखि भारत सीमासम्म सडक र हुलाकी राजमार्ग देखि दक्षिण सडक योजनामा सपना आर. के. जेभीसँग मिति २०७९ असार मसान्तमा काम सक्ने गरी रु. २८५१९६२५ मा सम्झौता भएकोमा हालसम्म रु. ५९५७६४२ को मात्र काम भएको देखिन्छ । सम्झौताको म्याद थप तथा अन्य प्रकृया समेत भएको नदेखिएको हुँदा नियमानुसार पूर्वनिर्धारित क्षतीपूर्ति लिई कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>५,९५७,६४२</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>पूर्वनिर्धारित क्षतिपूर्ति<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा विशेष कारण तथा अवस्थाले ठेक्का समयमा सम्पन्न नहुने देखिएमा थप आर्थिक भार नपर्ने गरी सार्वजनिक निकायले नियमानुसार ठेक्का सम्झौताको म्याद थप गर्ने सम्बन्धि व्यवस्था छ । नियमावलीको नियम १२१ को उपनियम (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतीपूर्ति दिनु पर्ने व्यवस्था छ । पालिकाले देहायको योजनाहरुमा निर्माण कार्य सम्पन्न गर्ने ठेक्का म्याद सहित सम्झौता गरेकोमा म्याद भित्र कार्यसम्पन्न भएको देखिदैंन । लेखापरीक्षणको क्रममा नियमावली १२० अनुसार अधिकार प्राप्त अधिकारीबाट म्याद थप भएको प्रमाण समेत पेश नभएको हुँदा देहाय अनुसारको म्याद थप पेश हुनपर्ने अन्यथा पूर्वनिर्धारित क्षतीपूर्ति असुल गर्नुपर्ने रु.<table>
<tr><td>योजना</td><td>निर्माण व्यवसायी</td><td>सम्झौता रकम</td><td>सम्झौता अनुसार म्याद</td><td>जरिवाना दिन</td><td>क्षतीपूर्ति रकम</td></tr>
</table></td><td>७६३,२९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अजमलको घर देखि पश्चिम लवटोलिया हुदै कृषि बाटो</td><td>महेन्द्र निर्माण सेवा</td><td>५०९२६५३</td><td>२०७७।२।३० थप सहित</td><td>८ महिना</td><td>५०९२६</td></tr>
<tr><td>वडा नं. १ २ को सिमाना अर्जुन मेहताको घर देखि दक्षिण पशुपति प्रभि हुदै आक्राहा बजार जोड्ने बाटो</td><td>पंडित जाल्पा जे भी</td><td>७१२३६५२</td><td>२०७६।३।२५ (अधिक्तम १ वर्ष थप गर्न मिल्ने)</td><td>२०७८।६।७ सम्म</td><td>७१२३६५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७६३२९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
मुल्य अभिवृद्धि कर<br><br>
मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६ग मा सरकारी निकायले ठेक्का सम्झौता वा करार सम्झोता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेको भौचरको नमूना परीक्षण गर्दा देहायको सम्झौतामा नियमानुसार कट्टा गर्नु कर रकम कट्टा नगरेको हुँदा सम्बन्धितले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><td>भौ. नं. र मिति</td><td>फर्मको नाम</td><td>भुक्तानी रकम</td><td>भ्याट भुक्तानी</td><td>३०% भ्याट रकम असुल। नपुग</td></tr>
<tr><td>९२।०७९।३।१०</td><td>देव्यान्सी द डेकोरेटर</td><td>४६०३०४</td><td>५२९५५</td><td>१५८८६</td></tr>
</table>
</td><td>१५,८८६</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>मुल्याकंन भन्दा बढी भुक्तानी</td><td>१०५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापी किताबको आधारमा प्राविधिक मुल्याकंन अनुसारको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको योजनाको लागि निर्माण व्यवसायीहरुसँग सम्झौता गरेकोमा प्राविधिक मुल्याकंन प्रतिवेदन अनुसार निर्माण व्यवसायीले मुल्याकंन भन्दा बढी भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>जम्मा मुल्याकंन</th><th>भुक्तानी</th><th>बढी रकम</th></tr>
<tr><td>अजमलको घर देखि पश्चिम लवटोलिया हुदै कृषि बाटो सम्म कालोपत्रे</td><td>महेन्द्र निर्माण सेवा</td><td>४७४५७२६</td><td>४८००७२६</td><td>५५०००</td></tr>
<tr><td>वडा नं १ २ को सिमाना अर्जुन मेहताको घर देखि दक्षिण पशुपति प्रभि हुदै आक्राहा बजार जोड्ने बाटो</td><td>पंडित जाल्पा जे भी</td><td>६४१६९०२</td><td>६४६६९०२</td><td>५००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>एजबिल्ट नक्सा<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको एज बिल्ट नक्सा पेश नगरेको र सम्झौताको शर्तमा समेत नक्सा पेश गर्नुपर्ने भनी उल्लेख गरेको देखिएन । अतः सम्पन्न योजनामा एज बिल्ट नक्सा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पुरस्कार<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ मा समय भन्दा काम अघि सक्ने निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतीपूर्ति</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुरुपको पुरस्कार गणना गरी दिन सकिने व्यवस्था छ ।सार्वजनिक निकायले निर्माण कार्यलाई लाग्ने समय सम्बन्धि विश्लेषण गरी सम्झौताको अवधि निर्धारण गर्नुपर्ने हुन्छ । निर्माण व्यवसायीले सम्झौता गर्दाको बखत निर्धारित कार्यहरु के कति समयमा गर्ने तथा कहिले गर्ने भनी वर्क सेड्युल बुझाउनुपर्ने हुन्छ । सार्वजनिक निकायले वर्क सेड्युल अनुसार काम गरेको गुणस्तर हुने नहुने यकीन गरी काम गर्न दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको योजनाहरुमा सम्झौतामा लमसम ५ प्रतिशत पुरस्कार दिने भनी सम्झौता गरी सोही अनुरुप ५ प्रतिशत पुरस्कार प्रदान गरेको छ । उक्त बाटो निर्माण सम्बन्धि योजनाहरुमा अन्तिम समयमा प्राइम कोट, टेक कोट तथा अस्फाल्टको समेत काम छिटो छिटो गरेको देखिन्छ । ५० प्रतिशत काम एक महिनाको दौरानमा सकेको हुनाले निर्माण कार्यको गुणस्तरको सम्बन्धमा यकीन गर्नुपर्ने देखिन्छ । नियमाली अनुसार पुरस्कार गणना नगरी लमसममा समझौतामा उल्लेख गर्ने र पुरस्कारको लागि ५० प्रतिशत काम १ महिनामा सम्पन्न गर्ने कार्य कानुन सम्मत नदेखिएको हुँदा कानुन बमोजिम कामको गुणस्तरमा कुनै असर नपरेको एकीन गरेर मात्र पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>पुरस्कार रकम</th><th>कैफियत</th></tr>
<tr><td>चिरौली चौकदेखि दक्षिण पिपल चौक हुदै भागवत यादवको घरसम्म बाटो</td><td>सपना आर के जे भी</td><td>२४२६०४५</td><td>अर्को ठेक्कामा काम नगरेकोमा पूर्वनिर्धारित क्षतीपूर्ति नलिई यस ठेक्कामा पुरस्कार रकम भुक्तानी</td></tr>
<tr><td>वडा नं १ राजेन्द्र मेहताको घर देखि पूर्व शान्ति चौक जाने बाटो</td><td>सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा लि</td><td>२०६९५०६</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४४९५५५१</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बेसकोर्सको काम<br><br>पालिकाले सडक निर्माण सम्बन्धि कार्यको बेसकोर्सको लागि सडक तथा पुल निर्माण सम्बन्धि सडक विभागको नर्म्स २०७५ को आइटम नम्बर १२.७ प्रयोग गरेको देखिन्छ । नर्म्स अनुसार एक घन मिटर बेसकोर्सको काममा लाग्ने एग्रिगेटमा ६३-४५ मि मि को गिट्टी ०.४३ लाग्ने देखिन्छ । जिल्ला दररेट हेर्दा उक्त रेन्जको गिट्टीको मुल्य २००० सम्म पर्नेमा पालिकाले रु. २५२५ राखी दररेट विश्लेषण गरेको कारणबाट प्रति क्यु. मि. बेसकोर्सको काममा रु. २२५ ले बढीको लागत अनुमान बन्न गई बढी भुक्तानी भएको छ । देहायको सडक</td><td>२,१७४,८५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण सम्बन्धि योजनामा बेसकोर्सको बढको लागत अनमान बनाई खरिद कार्य गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>बेसकोर्सको परिमाण</th><th>बढी दर</th><th>जम्मा</th></tr>
<tr><td>चिरौली चौकदेखि दक्षिण पिपल चौक हुदै भागवत यादवको घर सम्म बाटो</td><td>सपना आर के जे भी</td><td>५१३७</td><td>२२५</td><td>११५५८२५</td></tr>
<tr><td>वडा चिरौती देखि प्रकाशपुर बाटो चेनेज ०± ०० देखि १ ±५०० सम्म</td><td>सपना आर के जेभी</td><td>१४६२</td><td>२२५</td><td>३२८९५०</td></tr>
<tr><td>वडा नं ३ राजमार्ग देखि उत्तर रामसिता विद्यालय हुदै वडाको सिमाना बाटो</td><td></td><td>२४३७</td><td>२२५</td><td>५४८३२५</td></tr>
<tr><td>वडा नं १ राजेन्द्र मेहताको घर देखि पूर्व बाटो</td><td>सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा लि</td><td>६३०</td><td>२२५</td><td>१४१७५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२१७४८५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>जरिवाना<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ६ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम ३ बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्यौंट गर्नुपर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको दश प्रतिशत व्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायको ठेक्कामा सम्झौताहरुमा उल्लेखित पेश्की फछ्यौंट गरी सक्नुपर्ने म्याद सम्म पेश्की फछ्यौंट गरेको देखिदैन । निर्माण व्यवसायीको ढिलाई तथा समयमा कार्यसम्पादन नभएको कारणबाट ८० प्रतिशत समयावधि भित्र पेश्की फछ्यौंट नभएको हुँदा नियमानुसार जरिवाना सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.</td><td>९५०,४१६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>ठेक्काको नाम</th><th>निर्माण व्यवसायी</th><th>सम्झौता मिति</th><th>अन्तिम पटक म्याद थप भएको अवधि</th><th>पेश्की फछ्र्यौट गरीसक्नुपर्ने अवधि</th><th>बाँकी पेश्की</th><th>नियमानुसार जरिवाना</th></tr>
<tr><td>रामजानकी मन्दिर देखि भारत सिमा सम्म सडक</td><td>सपना आर के जे भी</td><td>२०७७।७८</td><td>२०७९।३।३१</td><td>ठेक्का म्याद समाप्त भएको</td><td>५६०० ०००</td><td>५६००००</td></tr>
<tr><td>गाउँपालिका प्रशासकिय भवन</td><td>आशिर्वाद निर्माण सेवा प्रा लि</td><td>२०७७।१२।२</td><td>२०७९।६।१</td><td>२०७९।३।२</td><td>३९०४ १६७</td><td>३९०४१६</td></tr>
<tr><td colspan="6">जम्मा रु.</td><td>९५०४१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>नापी किताब<br><br>निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पलिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा आवश्यक सूचना लिन तथा अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>जटिल प्राविधिक संरचना<br><br>सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९७ (९) मा जटिल प्राविधिक संरचना भएको काम उपभोक्ता समितिलाई दिन नहुने व्यवस्था छ । साथै श्रमको उपयोग हुने रोजगार सृजना हुने योजनाहरु मात्र उपभोक्ता समितिबाट संचालन गर्नुपर्दछ । पालिकाले ठूला</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भवन निर्माण तथा बाटो कालोपत्रे गर्ने जस्ता जटिल प्रविधि पक्ष समावेश भएको काम समेत उपभोक्ता समितिबाट गराएको देखिन्छ । आगामी दिनमा जटिल प्रविधि पक्ष समावेश भएको योजनाहरु गुणस्तरीय रुपमा प्रतिस्पर्धाको आधारमा निर्माण व्यवसायीबाट गराउने र श्रममुलक योजना मात्र उपभोक्ता समितिबाट सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **मर्मत सम्भार कोष**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| ६० | | | **स्पेसिफिकेशन र लागत अनुमान बेगरको खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम आवश्यक मालसामानको लागत अनुमान तयार गर्ने र नियम १४ (१) बमोजिम सम्बन्धित अधिकारीबाट लागत अनुमान स्वीकृति गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका मालसामानहरूको खरिद प्रकृयाको नमूना परीक्षण गर्दा खरिदमा स्पेसिफिकेशन र लागत अनुमान तयार गरी सम्बन्धित अधिकारीबाट स्वीकृति गरिएको छैन । यसरी स्पेसिफिकेशन र लागत अनुमान तयार नगर्दा खरिद विधि छनौट गर्न नसकिने र खरिदमा पूर्ण प्रतिस्पार्धा समेत हुन नसक्ने हुँदा आगामी दिनमा खरिद कानुनको पूर्ण रुपमा परिपालना गर्नुपर्दछ । | |
| ६१ | | | **नन्फाइलरः**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयबाट देहायका फर्महरूलाई | ५८,७५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु. कर विवरण नबुझाई नन्फाईलर रहेकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्छ ।<br><table>
<tr><th>भौ. नं. र मिति</th><th>कामको विवरण</th><th>फर्मको नाम</th><th>बिजक नं..</th><th>मू. अ . कर रकम रु.</th><th>कैं.</th></tr>
<tr><td>२६- ०७९।२।१२</td><td>सामाग्री खरिद</td><td>सरोज इलेक्ट्रोनिक्स ( ३००८२९०२२ )</td><td>४०२</td><td>४५४४२</td><td>Non-filer since 2078/M/12</td></tr>
<tr><td>२३ स्वास्थ्य चालु- ०७९।३।२०</td><td>सामाग्री खरिद</td><td>टेक्नो क्रियटिक आईटि सेन्टर ( ३०३८७३६३९ )</td><td>१८ र २१</td><td>१३३०८</td><td>Non-filer since 2078/M/5</td></tr>
<tr><td colspan="4">जम्मा रु..</td><td>५८७५०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>तीस प्रतिशत मुअ कर कट्टा नगरेकोः<br><br>मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६ग मा सरकारी निकायले ठेक्का सम्झौता वा करार सम्झोता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेको भौचरको नमूना परीक्षण गर्दा देहायको सम्झौतामा नियमानुसार कट्टा गर्नु कर रकम कट्टा नगरेको हुँदा सम्बन्धितले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्छ ।<br><table>
<tr><th>गो. भौ . नं. . र मिति</th><th>फर्मको नाम</th><th>बिजक नं..</th><th>भ्याट रकम रु..</th><th>तीस प्रतिशत रकम रु..</th></tr>
<tr><td>३७- ०७९।३।२४</td><td>एक्टिभ ट्रेडर्स ( १०९४७७९४३ )</td><td>८५</td><td>१६४८८</td><td>४९४७</td></tr>
</table></td><td>८९,०९२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २१-०७८।१२।२२ | क्रियटिभ एजुकेशनल वर्ल्ड प्रा. लि .( ६०५९६२४३५ ) | ११५ | १०३५३ | ३१०५ |
| १६१ संघ चालु-०७८।१२।३० | अंकुर डाइग्नोष्टीक एण्ड सर्जिकल सेन्टर ( ३०१३८६०४५ ) | १२८ | ५५१७२ | १६५५१ |
| ३१४ संघ चालु-०७९।३।२४ | पिण्डेश्वर प्रिन्टर्स ( ३०२१४९५४४ ) | ६५ | २८७५८ | ८६२७ |
| २३१ संघ चालु-०७९।३।३ | ई- डिजिटल नेपाल प्रा . लि .( ६०६७२३३४३ ) | ६६ | ८७६२० | २६२८६ |
| ३१९ संघ चालु-०७९।३।२४ | बी एण्ड बि भेट्स फर्मा ( ३०५३४१९२१ ) | ३० | ४३४७९ | १३०४४ |
| ३३० संघ चालु-०७९।३।२४ | मनोज पेपर वर्क्स ( ३०१६८७००५ ) | ११९ र ११८ | ५५१०५ | १६५३२ |
| जम्मा रु.. | | | | ८९०९२ |

| | | | | |
|---|---|---|---|---|
| ६३ | | | **पानी, विजुली र टेलिफोनको महसुल भुक्तानीः**<br><br>प्रदेश नं.. १, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा २१ को उपदफा २ मा पानी, बिजुली र टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने । त्यस्तै, उपदफा ३ मा पानी, विजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित बजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख र लेखा प्रमुख नै जिम्मेवार हुनेछ भन्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी गर्दा रिवेट (छुट) नलिई जरिवानाको रकम समेत भुक्तानी गरेको र अग्रिम (Advance) रकम भुक्तानी गर्ने गरेको पाइएको हुँदा आगामी दिनमा महसुल भुक्तानी गर्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रिवेट (छुट) लिने गरी गर्नुपर्दछ । | |
| ६४ | | | **निःशुल्क सेनिटरी प्याड व्यवस्थापनः**<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ क्रियाकलाप नं.. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरु.को संख्यामा आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्यांकसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयबाट आवश्यक संख्या माग नगरी भौचर नं.. ८५ मिति २०७८।९।१२ गते सोझै खरिद प्रकृयाबाट २०००० वटा सेनिटरी प्याड खरिद गरी बजेट रकम रु.. १३१०८००/- खर्च गरेको र उक्त सेनिटरी प्याडमध्ये १६७१२ वटा मात्र पालिकाले विद्यालयलाई बुझाएको भरपाई पेश भएको छ । अतः पालिकाबाट प्राप्त मागको आधारमा आवश्यक संख्या यकीन गरी समयमा नै खरिद गर्ने, मागको आधारमा पालिकाले विद्यालयलाई हस्तान्तरण गर्ने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गरी सो को प्रमाण कागजात पालिकामा पेश गर्नुपर्ने तथा खरिद कानुनले तोकेको लागत सिमाभन्दा बढी हुने गरिएको खरिद नियमसम्मत देखिएन । | १,३१०,८०० |
| ६५ | ३५ | २०७९-३-२४ | **बहाल करः**<br><br>आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचार सहयोगका लागि भएको खर्चको भुक्तानी माग गरेकोमा स.म.वि.नि. तुलसा निरौलालाई भाडा रकम रु.. ७४००० भुक्तानी गरेकोमा उक्त रकमको दश प्रतिशत बहाल कर रु.. ७४०० कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ । | ७,४०० |
| ६६ | २ | २०७९-३- | **बढी भुक्तानीः** | १०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td>७</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका भौचरहरूबाट बिलभरपाईभन्दा बढी रकम भुक्तानी गरेको हुँदा सम्बन्धितबाट बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।
<table>
<tr><th>भौचर नं.. र मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी भएको</th><th>बढी रकम रु..</th><th>कैं.</th></tr>
<tr><td>२ कृषि- ०७९।३।७</td><td>रेनुका चौधरी</td><td>१४१७०५</td><td>१५१७०५</td><td>१००००</td><td>संघ चालु २३८ बाट रु.. ७१७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>अध्ययन सामाग्री वितरणको भरपाईः<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ क्रियाकलाप नं.. २.७.१३.४२ मा GPE को सहयोगमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिका सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रमको व्यवास्था रहेको छ । पालिकाले अभिभावकको सहयोगमा बालबालिकालाई घरमा नै बसेर अध्ययन गराउन सकिने कक्षा ५, ६, ७ र ८ को अध्ययन सामाग्री (पुस्तक) सोझै खरिदबाट रकम रु.. ४८१५७९ मा २५९९ थान खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको देखिन्छ । तर, विद्यालयले पालिकाबाट हस्तान्तरण भएको पुस्तक जिन्सी खातामा आम्दानी गरेको र विद्यार्थीहरूलाई बुझाएको भरपाई लेखापरीक्षण क्रममा प्राप्त नभएको हुँदा उक्त अध्ययन सामाग्री सम्बन्धित विद्यार्थीहरूले बुझेको भरपाई पेश गर्नुपर्दछ ।</td><td>४८१,५७९</td></tr>
<tr><td>६८</td><td>४</td><td>२०७८-७-८</td><td>औषधी खरिदमा बढी भुक्तानीः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछी आपूर्तिकर्तालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमको औषधी खरिद गर्दा सम्झौतामा उल्लेख भएको रकम भन्दा बढी रकम भुक्तानी गरेको हुँदा सम्बन्धित आपूर्तिकर्ताबाट बढी भुक्तानी भएको रकम असुल</td><td>८८,०६५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>हुनुपर्दछ ।
<table>
<tr><th>भौचर नं.. र मिति</th><th>आपूर्तिकर्ता</th><th>सम्झौता रकम ( भ्याट बाहेक )</th><th>भुक्तानी रकम ( भ्याट सहित )</th><th>बढी भुक्तानी रु..</th><th>कैं.</th></tr>
<tr><td>४ स्वास्थ्य चालु-०७८।७।८</td><td>डालिमा मेडिसेल्स ( ६०४९३३५१३ )</td><td>७२०१९४</td><td>८१३८१९</td><td>८८०६५</td><td>भ्याट रकम रु.. ५५६० भुक्तानी</td></tr>
</table></td><td></td></tr>
<tr><td>६९</td><td>३३०</td><td>२०७९-३-२४</td><td>फरक शीर्षकमा खर्चः<br><br>पालिकाले संघ सःशर्त चालु खर्च वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी तोकिएको लक्ष्य प्राप्त हुने गरी सम्बन्धित शीर्षकमा खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष नीति तथा कार्यक्रममा समावेश गरेको संघ सःशर्त चालुतर्फको खर्च गर्दा फरक शीर्षक पारी खर्च गरेको पाइयो । जसले गर्दा सःशर्त कार्यक्रमले लिएको लक्ष्य प्राप्त नहुने तथा खर्चमा मितव्ययिता नहुने र संघ सरकारको व्ययभार समेत बढ्न जाने देखिन्छ । अतः पालिकाले फरक खर्च शीर्षकबाट गरेको खर्च नियमसम्मत देखिएन ।
<table>
<tr><th>भौचर नं.</th><th>विनियोजन भएको शीर्षक</th><th>खर्च भएको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>३३०-०७९/३/२४</td><td>पारिश्रमिक कर्मचारी</td><td>मसलन्द तथा कार्यालय समाग्री</td><td>४७८९८४</td></tr>
</table></td><td>४७८,९८४</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>जिन्सी दाखिला नगरेकोः<br><br>आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताब (PAMS) मा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहायका औषधी तथा सामाग्रीहरू खरिद गरी भुक्तानी समेत गरेको तर जिन्सी किताब (PAMS) मा आम्दानी नबाँधेको हुँदा उक्त औषधी र समाग्रीहरू जिन्सी किताब (PAMS) मा आम्दानी बाँधेको प्रमाण कागजात पेश हुनुपर्ने रु.</td><td>७५२,२७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>भौचर नं.. र मिति</td><td>सामाग्रीको विवरण</td><td>रकम रु..</td><td>कैं.</td></tr>
<tr><td>३० पालिका स्वास्थ्य चालु- ०७९।३।२४</td><td>औषधी ( हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा . लि .)</td><td>६१२२७०</td><td></td></tr>
<tr><td>३५२ संघ चालु- ०७९।३।२५</td><td>प्रविधि हस्तान्तरण सामाग्री ( १ . ५ HP मोटर सामाग्री - ९ सेट )</td><td>१४००००</td><td>समूहलाई वितरण गरेको भरपाई पेश नभएको</td></tr>
<tr><td colspan="2">जम्मा रु..</td><td>७५२२७०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>गाउँपालिका प्रशासकिय भवन<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा खरिद कार्य गर्न अघि निर्माण कार्यको लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो प्रशासनिक भवन निर्माणको लागि रु. ५१९६९८७३ को लागत अनुमान बनाई ठेक्का आव्हान गरेकोमा आशिर्वाद निर्माण सेवा प्रा. लि. सँग रु. ४४३७७०८९ मा कबोल गरी सम्झौता गरेको देखिन्छ । यस सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>७१. १</td><td></td><td></td><td>लागत अनुमान बनाउँदा जगको लागि माटो खन्ने काममा मेशिन प्रयोग गरेको संलग्न प्रमाणबाट देखिए भएपनि मानिसद्वारा माटो खनेको दर राखेको हुँदा बढीको लागत अनुमान बनी बढी रकम भुक्तानी भएको छ । मेशिनबाट माटो कटिङको कामको प्रति घन मिटर ८८ राख्नुपर्नेमा रु. ५३८ राखेको हुँदा रु. ४५० बढी राखेकोले ९९८ घन मिटरको रु. ४५१०९६ बढीको लागत अनुमान बन्न गएको छ । निर्माण व्यवसायीले ठेक्का कबोल गर्दा रु. ८७ मा नै उक्त आइटमको कबोल गरेको देखिन्छ । लागत अनुमान बनाउँदा सम्भव भए सम्म कम मितव्ययी हुने गरी लागत अनुमान बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१. २</td><td></td><td></td><td>नियमावलीको नियम १२३ मा बिल बिजको भुक्तानी दिदा प्रविधिक नापी किताबको आधारमा मुल्यांकन अनुसारको रकम भुक्तानी दिनपर्ने व्यवस्था छ । कार्यालयले भवन निर्माणको लागत अनुमानमा ब्याकफिलिङको दररेट विश्लेषण गर्दा १० कि. मि. बाट ढुवानी गरेको भनी देखाई इकाई दर बनाएको छ । सोही स्थानमा निस्केको ९९८ घन मिटर माटोको परिमाण नघटाइ ब्याकफिलिङ गर्ने माटोको सबै परिमाण १० कि. मि. बाट ल्याएको दररेट विश्लेषण गरेको कारणले प्रति क्यु. मि. रु. २९६ बढीको दर कायम भई फरक पर्न गएको छ । त्यहि निस्केको माटोलाई पुर्ने काममा प्रति क्यु. मि. रु. १५४ पर्ने देखिन्छ । त्यहि निस्केको माटोको परिमाण फिलिङको जम्मा</td><td>२९५,४०८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>परिमाणबाट नघटाई सबै माटो ढुवानी गरी ल्याइएको देखाएकोले ९९८ घन मिटरको रु. २९५४०८ बढी लागत अनुमान तथा मुल्यांकन बन्न गई भुक्तानी भएको हुँदा असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>७१.३</td><td></td><td></td><td>निर्माण व्यवसायीले २०७९ असार मसान्त सम्ममा लगेको रु. ६३०४१६७ पेश्की मध्ये रु. ३९०४१६७ बाँकी रहेकोमा निजले पेश गरेको अग्रिम बैङ्क जमानतको म्याद २०७८।५।२८ मा नै समाप्त भएकोले पेश्कीको बैङ्क जमानत म्याद थप हुनुपर्ने अन्यथा पेश्की रकम असुल गर्नुपर्ने रु.</td><td>१,३०४,१६७</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>वितरण भरपाई<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका सामाग्री खरिद गरेकोमा सम्बन्धित लाभग्राहीलाई वितरण गरेको भरपाई पेश नभएकोले वितरण गरी सोको भरपाई पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौचर नं. र मिति</td><td>बजेट शीर्षक</td><td>सामानको नाम</td><td>खरिद गरिएको फर्म</td><td>रकम</td></tr>
<tr><td>६४२-०७८/१२/३०</td><td>अपाङ्गता रोकथाम तथा पुनस्थापना</td><td>ट्याइलेट चेयर (१२)</td><td>मेडिसर्ज ट्रेडर्स</td><td>३३९००</td></tr>
<tr><td>८६८-०७९/३/१०</td><td>सभा संचालन खर्च</td><td>जेन्स व्याग (५१)</td><td>आभाष व्याग पसल</td><td>९७९७१</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१३१८७१</td></tr>
</table></td><td>१३१,८७१</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>अपाङ्गता वीउ पूँजि कोष<br><br>सार्वजनिक निकायले कुनै पनि संस्थालाई अनुदान भुक्तानी गर्दा तोकिएको कार्यविधि तथा नर्म्समा रहेर खर्च गर्नुपर्दछ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम</td><td>४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्तर्गत पालिकाको ८ वटै वडामा मिलिजुली अपाङ्गगता समूह गठन गरी प्रत्येक समूहलाई रु. ५०००० का दरले जम्मा रु. ४००००० वीउ पूँजिकोष अनुदान उपलब्ध गराएको छ । सो वीउ पूँजि कोष संचालन सम्बन्धी कार्यविधि नभएको र समूहलाई वितरण भएको अनुदानको संचालन सम्बन्धी कारोबारको विवरण पेश नभएकोले कार्यविधि तयार गरी अनुदान संचालन सम्बन्धी कारोबारको प्रमाण कागजात पेश हुनुपर्ने रु. | |
| ७४ | | | **अन्य कार्यालयको खर्च**<br><br>स्थानीय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ । सार्वजनिक कार्यालयको इन्धन, सवारी साधन मर्मत वापत खर्च गर्न सोही कार्यालयबाट वजेट व्यवस्था हुने र सोही कार्यालयबाट नियमानुसार खर्च गर्ने गर्दछ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष निम्न अन्य सार्वजनिक कार्यालयहरुको खर्च लेखेको छ । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने र खर्चमा मितव्ययिता नहुने देखिन्छ । पालिकाले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ । को जोखिमका लागि उचीत परीक्षण सूचि नभएको अवस्थामा मात्र यो परीक्षणसूचि प्रयोग गर्नुहोला । | |

| कार्यालयको नाम | खर्चको विवरण | रकम |
|---|---|---|
| प्रहरी चौकी अकाहा | इन्धन | ४०८०० |
| प्रहरी चौकी उल्टी | इन्धन | ४०८०० |
| प्रहरी चौकी सिं धरमपुर | इन्धन | ४०८०० |
| सशस्त्र प्रहरी वल वि.ओ.पि. लौकही | इन्धन | ७६८०० |
| सशस्त्र प्रहरी वल वि.ओ.पि. उल्टी | इन्धन | ६१२०० |
| इलाका प्रहरी कार्यालय लौकही | इन्धन | ७६८०० |
| ट्राफिक विट | इन्धन | ३०६०० |
| चिरौली प्रहरी विट | इन्धन | ४०८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |
| ७५ | | | **प्रकोप व्यवस्थापन**<br><br>पालिकाको आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रममा प्रकोप व्यवस्थापन शीर्षकमा रकम रु. ३०,००,००० विनियोजन गरी खर्च गरेको छ । प्रकोप व्यवस्थापन कोषको खर्च गर्दा कुनै प्रकारको कार्यवधि नभएकोले आवश्यकताको आधारमा खर्च हुने गरेको पाइयो । प्रकोपको खर्च मुख्य गरी खाद्यन्न, त्रिपाल वितरण गरेको तथा विभिन्न स्थानमा माटो पुर्ने कार्यका लागि रु. १३८८४१२ खर्च गरेको पाइयो । पालिकाले खाद्यन्न, त्रिपाल, औषधि लगायतको राहत वितरण गर्नका लागि वडा अध्यक्षलाई भरपाई गराई दिएकोमा वडा अध्यक्षले सम्बन्धित लाभग्राहीलाई वितरण गरेको भरपाई संलग्न नगरेको हुँदा सम्बन्धित लाभग्राहीलाई नै वितरण भयो भनी यकीन हुन सकिएन । आगामी दिनमा यसरी राहत वितरण गर्दा कार्यविधि निर्माण गरी मितव्ययी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| | | |
|---|---|---|
| प्रहरी चौकी चिरौली | नेट जडान | १८००० |
| प्रहरी चौकी भोक्राहा | मौला पूजा | १५००० |
| नरसिंह टप्पु प्रहरी चौकी | मौला पूजा | १५००० |
| इलाका प्रहरी कार्यालय लौकी | मौला पूजा | १५००० |
| सशस्त्र प्रहरी बल नेपाल वि.ओ.पि. लौकही | सवारी साधन मर्मत | १५००० |
| सशस्त्र प्रहरी बल नेपाल वि.ओ.पि. उल्टी | साइकल खरिद | ३७५०० |
| प्रहरी चौकी उल्टी | फर्निचर खरिद | १७००० |
| सशस्त्र प्रहरी बल नेपाल वि.ओ.पि. उल्टी | सवारी साधन मर्मत | ३९१५० |
| प्रहरी चौकी चिरौली | सिसिटिभी जडान | २७५१०० |
| जम्मा | | ८५५३५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>

**परामर्श खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यका लागि परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गूरुयोजना, डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट खरिद गरेको प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्नु उपयुक्त देखिएन । डी.पी.आर. तथा सर्भे कार्य गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाकै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गर्ने गराउनु पर्दछ।

<table>
<tr><th>भौ.नं../मिति</th><th>कार्य विवरण</th><th>परामर्शदाताको नाम</th><th>खर्च</th></tr>
<tr><td>११७-०७८।६।२४</td><td>१५ वेडको अस्पतालको माटो परीक्षण</td><td>वि एण्ड वि इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>४९४९४०</td></tr>
<tr><td>३४७-०७८।९।८</td><td>सेवाग्राही सन्तुष्टी सर्भेक्षण</td><td>तराई मधेश सूचना केन्द्र प्रालि</td><td>४९७२००</td></tr>
<tr><td>७५२-०७९।२।४</td><td>राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन</td><td>सरल एडभरटाइजिङ्ग मिडिया</td><td>४७७९९०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४७०१३०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा

</td><td>५,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>सिनं</th><th>विद्यालय को नाम</th><th>शीर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री आदर्श आधारभुत विद्यालय</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>श्री आधारभुत विद्यालय भोक्राहा २</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td colspan="3">जम्मारु.</td><td>५४०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>नन् फाइलर<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले गरेको भुक्तानीमा पेश गरेको कर विजक रकम देहायका फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरुले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानुनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>योजना</th><th>फर्मको नाम</th><th>बिजक र मिति</th><th>भुक्तानी रकम मु अ कर बाहेक</th><th>मु. अ . कर रकम</th></tr>
<tr><td>वडा नं २ ३ ६ ७ ८ को वडा भवन</td><td>श्री हिराचन ए एम ।एच एम जे भी (८६१५९९५१११)</td><td>२।०७८।९।३० र ८।०७९।३।७</td><td>१०२१००६४</td><td>१३२७३०८</td></tr>
<tr><td>वडा नं १ राजेन्द्र</td><td>सप्तकोशी जलाधार निर्माण</td><td>१।०७८।६।२२ ,</td><td>३०७९१३९३</td><td>४००२८८१</td></tr>
</table></td><td>५,३३०,१८९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मेहताको घर देखि पूर्व<br>शान्ती चौक जाने बाटो</td><td>कम्पनी प्रा लि<br>(३००९७९६७३)</td><td>२।०७८।८।१९ र<br>३।०७८।८।२२</td><td></td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५३३०१८९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक मुल्याकंन नापजाँचको आधारमा बिल बिजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले श्री ब्रम्हदेव उराव स्मृति प्राथमिक विद्यालयलाई २ कोठे भवनको को लागि रु. १८००००० उपलब्ध गराएकोमा विद्यालयले पेश गरेको प्राविधिक प्रतिवेदन अनुसार १७५८००० को मात्र काम भएको देखिन्छ । कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार कम्तीमा ३ प्रतिशत लागत सहभागिता हुनुपर्ने उल्लेख भएकोले रु. १७५८००० मा ३ प्रतिशतले हुने रु. ५२७४० कट्टा गरी बाँकी १७०५२६० मात्र विद्यालयलाई भुक्तानी हुनुपर्नेमा रु. १८००००० निकासा भएकोले बढी निकासा भएको रु. ९४७४० सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.</td><td>९४,७४०</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>कार्यसम्पन्न पेश हुनुपर्ने<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ अनुसार नियमानुसार छनौट भएको लाभग्राहीहरुलाई सम्झौता पश्चात दुइ किस्तामा रकम दिइने र प्रथम किस्ता रु ३०००० दिनुपर्ने हुन्छ । दोस्रो किस्ताको लागी सम्बन्धित लाभग्राहीले कार्यसम्पन्न गरे पछि कार्यालयवाट खटाइएको प्राविधिकवाट नापजाच गरी अनूसुची २ बमोजिमको कार्यसम्पन्न बनाइ भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले हाल सम्म २३५ वटा लाभग्राही सङ्ग सम्झौता गरी २२६ वटा लाभग्राहीलाई पहिलो किस्ता भुक्तानी गरेको देखिन्छ । पहिलो किस्ता लगेको लाभग्राहीहरु मध्ये ४२ जनाले मात्र कार्यसम्पन्न गरेको संलग्न प्रमाणवाट देखिन आउछ । कार्यसम्पन्न हुन बाँकी १८४ जना लाभग्राहीको अनुसूची २ अनुसारको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु</td><td>५,५२०,०००</td></tr>
<tr><td>८१</td><td>२७</td><td>२०७९-३-२०</td><td>बढी भुक्तानीः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनासर सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल</td><td>६५,०११</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका कामका लागि नापी किताबभन्दा बढी भुक्तानी दिएको हुँदा सम्बन्धितबाट असुल हुनुपर्दछ ।
<table>
<tr><th>भौ. नं. . र मिति</th><th>कामको विवरण</th><th>कार्यसम्पन्न प्रतिवेदन अनुसार रु. .</th><th>भुक्तानी भएको रकम रु..</th><th>रकम रु..</th></tr>
<tr><td>२७- ०७९।३।२०</td><td>जामिया इस्लामिया मा. वि . को अधुरो भवन निर्माण</td><td>८००६८९</td><td>८६५७००</td><td>६५०११</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
<tr><td>८२.१</td><td></td><td></td><td>निस्कृय खाताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस आ.व.मा लक्ष्मी विकास बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा बैंकबाट प्राप्त नभएको भनी पालिकाबाट प्राप्त भएन । यसर्थ बैंकमा रहेको खातामध्ये निस्क्रिय खातामा के कति रकम रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यविधिमा उल्लेखित व्यवस्था र पालिका र बैंकबीच भएको सम्झौताका शर्तहरु.को पूर्ण पालना गर्ने र लागू गर्नेतर्फ पालिकाको ध्यान जानु जरु.री देखिन्छ साथै निस्क्रिय खाता यकीन गरी सो खातामा रहेको रकम संघीय संचित कोषमा दाखिला हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२.२</td><td></td><td></td><td>एम.आई.एस विवरण :- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरु.को विवरण पूर्ण रु.पमा भरेको देखिएन । नमूना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरीकता प्रमाण पत्र नं. नभएको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२.</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं. १६ मा स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोस्रो</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | हप्ता भित्र, दोस्रो चौमासिकको भत्ता रकम माघको दोस्रो हप्ता भित्र र तेस्रो चौमासिकको भत्ता रकम जेठको दोस्रो हप्ता भित्र वितरण गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक रुपमा भत्ता वितरण गरेकोमा प्रथम त्रैमासिकको भत्ता रकम मिति २०७८।७।१७ र छुट भएको भनी मिति २०७८।१०।५, दोस्रो त्रैमासिकको भत्ता रकम मिति २०७८।१२।२ तेस्रो त्रैमासिकको भत्ता रकम मिति २०७९।२।१६ र चौथो त्रैमासिकको भत्ता रकम मिति २०७९।३।३१ तथा छुट भएको रकम भनी (विविध खाताबाट) मिति २०७९।४।३१ मा निकासा दिएको देखिन्छ । कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाई वितरण भएको नदेखिएकोले कार्यविधिले तोकेको समयावधि भित्र सामाजिक सुरक्षा भत्ता वितरणको सुनिश्चितता हुनुपर्दछ । | |
| ८३ | | | **सामाजिक सुरक्षा तथा संरक्षण (३१४०१०१२३)** | |
| ८३.१ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले लक्ष्मी विकास बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकलाई रु..९,४१,१३,१४१।-निकासा दिएको मध्ये रु..८,९२,०५,४००।– वितरण गरी बाँकी रकम रु..४९,०७,७४४।-पालिकाको विविध खातामा फिर्ता गरेको देखिएकोले उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.. | ४,९०७,७४४ |
| ८३.२ | | | पालिकाको विविध खाताः पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकलाई पठाएको रकम लाभग्राहीहरुको खातामा वितरण गरी बाँकी रहेको रकम सम्बन्धमा बैंकसँग यकीन गरी उक्त रकम फिर्ता लिई हिसाव मिलान गर्नुपर्नेमा पालिकाको विविध कोष खाताको खाता नं.०७९०३०००१५१ मा फिर्ता गरीदिन बैंकलाई अनुरोध गरे बमोजिम बैंकले बाँकी रकम विविध खातामा जम्मा गरीदिएको देखियो र भत्ता वितरण गर्न नपुग रकम भनी पुनः विविध खाताबाट पनि बैंकलाई निकासा दिएको देखियो । बितरण गरी बैंकमा बाँकी रहेको रकम बैंकबाट पालिकाको विविध खातामा जम्मा गरी खर्च गरिनु नियमसंगत नभएकोले आगामी दिनमा यस्ता कार्यको अन्त्य हुनुपर्दछ । पालिकाको विविध खाताको मिति २०७८ कार्तिक १० देखि मिति २०७९ श्रावण ३१ सम्मको बैंक स्टेटमेण्ट झिकाई परीक्षण गर्दा विविध खातामा २०७९ श्रावण ३१ गते रु.५१,८१,५७१।-बाँकी रहेको देखियो । यस विषयमा पालिकासँग छलफल गर्दा बैंकबाट वितरण गरी बाँकी रहेको रकम रु.४९,०७,७४४।- र लाभग्राहीहरुले मृत्यु पश्चात लगायतका कारण नपाउने रकम बैंकले फिर्ता गरेको कारण बढी मौज्दात रहन गएको जनाएको छ तर कति जना लाभग्रहीहरुले नपाउने रकम बैंकबाट फिर्ता भएको हो सो स्पष्ट खुल्ने प्रमाण देखिएन । बढी मौज्दात देखिएको रकम सम्बन्धमा पालिकाले जम्मा भएको रकमको प्रयोजन खुलाई प्रमाण पेश गर्नुपर्ने अन्यथा संघीय संचित कोषमा | २७३,८२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फिर्ता गर्नुपर्ने रु. | |
| ८३.३ | | | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु..९,४१,१३,१४४/- प्राप्त भएकोमा रु.९,४१,१३,१४१।- रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु. निम्नानुसार छन् | |
| ८३.४ | | | प्रणालीमा प्रतिवेदन गर्नुपर्नेः समाजिका सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९(२) अनुसार सेवा प्रदायक मार्फत समाजिक सुरक्षा वितरण गर्ने स्थानीय तहले अनुसूची-१२ बमोजिमको ढाँचामा हिसाव मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाको हिसाव मिलानको भुक्तानी (लाभार्थी भुक्तानी) प्रतिवेदन अनुसार पनि पालिकाबाट भएको निकासा रकम भिडान भएको देखिदैन । | |
| ८३.५ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम.आई.एस. लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं. २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं. ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफराक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ । | |
| ८४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ६ अनुसार स्थानीय तहले पूर्ण रुपमा ज्यालामा आधारित भई दफा ५ अनुसार प्राथमिकीकरण सहित एक सय दिनको रोजगारी सुनिश्चितता हुने गरी दफा ४ बमोजिमका आयोजना छनौट तथा कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकालाई १९३ जना श्रमिकको लागि १०० दिन रोजगारी श्रृजना हुने गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिदिन रु.५७७ का दरले कुल रु.१,११,३५,०००।-बजेट प्राप्त गरेकोमा पालिकामा सूचीकृत ७५३ जना बेरोजगारमध्ये विभिन्न १५ वटा कार्यक्रम/आयोजनामा १६८ जनालाई ११८४६ (औसतमा ७०.५१) दिन रोजगार दिई श्रमिकको खातामा भुक्तानी गरी रु.६८,३५,१४२।- खर्च गरेको छ । निर्देशिका तथा कार्यविधि अनुसार १०० दिन रोजगार सिर्जना गर्नुपर्नेमा पालिकाले ७०।५१ दिन मात्र रोजगार उपलब्ध गराएको नियम संगत देखिएन साथै उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । | |
| ८५ | | | अनुगमन तथा सम्परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । गाउँपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु. ४३४०९१५ पेश गरेकोमा सम्परीक्षण गरी जानकारी दिईएको छ । डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ । बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ । | |

| आ व | बेरुजु दफा नं | बेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| २०७७।७८ | | नेम्स प्रणालीवाट फछ्यौंट भएको | ९७७०० | | | | ९७७०० |
| जम्मा | | | ९७७०० | | | | ९७७०० |